# आधारभूत तह (कक्षा १-३) मा एकीकृत सिकाइ सहजीकरणसम्बन्धी शिक्षक पेसागत विकास तालिम

# प्रशिक्षक निर्देशिका

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी, भक्तपुर

आधारभूत तह (कक्षा १-३) मा एकीकृत सिकाइ सहजीकरणसम्बन्धी

शिक्षक पेसागत विकास तालिम

# प्रशिक्षक निर्देशिका


नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

**प्रकाशक :**

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी, भक्तपुर

**सर्वाधिकार** © : प्रकाशकमा

**संस्करण** : वि.सं. २०७८

**प्राविधिक सहयोग** : राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम

**लेआउट/डिजाइन** : भक्तबहादुर कार्की

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (**USAID**) को सहयोगमा यो सामग्री प्रकाशन भएको हो । यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिबिम्बन गर्दैन । यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित रहने छ ।

## सुझाव तथा सल्लाह

वैकुण्ठप्रसाद अर्याल
केशवप्रसाद दाहाल

## लेखन तथा सम्पादन

गीरमान थापा
युवराज अधिकारी
कुन्ती अधिकारी
रजनी धिमाल
राजु श्रेष्ठ
संजिवकुमार चौधरी
नरहरि आचार्य
महेन्द्र विष्ट
डा. गायत्री तिम्सिना
दिनेस संजेल
दीपक शर्मा पण्डित

# भूमिका

विद्यालय शिक्षाको गुणस्तरमा सुधार ल्याउन नेपाल सरकारले विभिन्न नीतिगत, कानुनी र संस्थागत संरचनाहरूको निर्माण गरी तिनको कार्यान्वयन गर्दै आएको छ । खासगरी योग्य, दक्ष, पेसाप्रति समर्पित शिक्षकहरूको प्रभावकारी शिक्षणबाट नै गुणस्तरीय शिक्षाको अपेक्षा गर्न सकिन्छ । विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्न विगतदेखि नै शिक्षकहरूको पेसागत क्षमता विकास गर्न शिक्षक पेसागत विकास तालिम कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । शिक्षकहरूको क्षमता अभिवृद्धिका लागि प्रमाणीकरण र कस्टोमाइज्ड शिक्षक तालिम सञ्चालन गर्न "शिक्षक पेसागत विकास प्रारूप, २०७२" कार्यान्वयनमा ल्याई सोहीबमोजिम शिक्षा तालिम केन्द्रहरूबाट तालिम सञ्चालन हुँदै आएको अवस्था छ । यसैगरी राष्ट्रिय शिक्षा नीति, २०७६ ले राष्ट्रिय शिक्षक सक्षमताको मापदण्ड निर्धारण गरी सोको आधारमा शिक्षकको पेसागत विकास कार्य सञ्चालन गरिने उल्लेख गरेको छ । यसै सन्दर्भमा नेपाल सरकारले आधारभूत तह (कक्षा १-३) मा एकीकृत पाठ्यक्रम कार्यान्वयनमा ल्याएको छ । यो पाठ्यक्रम एकीकृत ढाँचामा विकास र विषयक्षेत्रका आधारमा अन्तरसम्बन्धित भएकाले यसको प्रभावकारी कार्यान्वयनका लागि शिक्षकको पेसागत विकास कार्य पनि सोहीबमोजिम गराउनु अपरिहार्य हुन गएको छ ।

आधारभूत तह (कक्षा १-३) मा अध्यापनरत शिक्षकहरूको पेसागत क्षमता विकासका लागि शिक्षक पेसागत विकास प्रारूप, २०७२ अनुरूप पन्ध्र दिने ढाँचामा एकीकृत पाठ्यक्रम कार्यान्वयनसम्बन्धी शिक्षक तालिम पाठ्यक्रम विकास भएको छ । उक्त तालिम सञ्चालन गर्ने प्रशिक्षकहरूको क्षमता विकास गर्न प्रशिक्षक प्रशिक्षण सञ्चालनका लागि उपयोगी हुने ध्येयले यस प्रशिक्षक निर्देशिकाको विकास गरिएको छ । यो निर्देशिका मूलतः एकीकृत पाठ्यक्रम कार्यान्वयनसम्बन्धी शिक्षक तालिम पाठ्यक्रम, कक्षा १, २ र ३ को पाठ्यक्रमद्वारा निर्देशित सक्षमता, सिकाइ उपलब्धि र विकसित शिक्षक निर्देशिका तथा विद्यार्थी कार्यपुस्तकलगायत अन्य शैक्षणिक एवम् सन्दर्भ सामग्रीसँगको आबद्धतालाई मुख्य आधार मानी विकास गरिएको छ । यस निर्देशिकामा तालिम पाठ्यक्रमको आधारमा सङ्गठित गरिएका विषयवस्तुको सिकाइलाई क्रियाकलापमुखी र सान्दर्भिक बनाउने उद्देश्यले मूलतः नमुना प्रदर्शन र अभ्यासमा जोड दिइएको छ । तालिम सञ्चालनका क्रममा गराइने क्रियाकलापहरूलाई बढी सहभागीकेन्द्रित गराउने प्रयास भएको छ । शिक्षक तालिमका क्रममा प्रदर्शन, छलफल, अभ्यास, सामग्रीको प्रयोग आदि जस्ता क्रियाकलापमा सबै सहभागीहरूको समान, सक्रिय र उच्च सहभागिता कायम गराई अपेक्षित ज्ञान, सिप र अभिवृत्तिको विकास गराउन प्रस्तुत निर्देशिकाले सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

यो प्रशिक्षक प्रशिक्षण सामग्री तयार पार्नका लागि विभिन्न क्षेत्रबाट आवश्यक सल्लाह र सहयोग पुऱ्याउनु हुने सम्पूर्ण महानुभावहरू, लेखक तथा सहयोगी संस्था इजीआरपी आरटीआइप्रति आभार व्यक्त गर्दै यसमा थप सुधार गर्न रचनात्मक सुझाव र सल्लाहको अपेक्षासहित यस केन्द्र सदैव हार्दिक धन्यवाद प्रकट गर्दछ ।

वि.स. २०७८, कात्तिक

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी, भक्तपुर

# विषयसूची


- आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रमसम्बन्धी शिक्षक पेसागत विकास तालिमको (१० दिने) प्रशिक्षक प्रशिक्षण कार्यतालिका १
- एकीकृत पाठ्यक्रम तथा सिकाइ सामग्री ३
- सूचना तथा सञ्चार प्रविधिको प्रयोग ८

## नेपाली

- एकीकृत पाठ्यक्रम तथा पाठ्यसामग्रीको चिनारी र प्रयोग १०
- भाषिक तत्त्वगत चिनारी र प्रयोग (ध्वनि सचेतीकरण, श्रव्यदृश्यबोध, लेख्यवर्ण सचेतीकरण, पठन प्रवाह) १४
- भाषिक तत्त्वगत चिनारी र प्रयोग (पठनबोध, शब्दभण्डार, लेखाइ र कार्यमूलक व्याकरण) १७
- नमुना पाठ प्रस्तुति र शिक्षण अभ्यास २०

## ENGLISH

- Common Themes and Learning Outcomes २२
- English Curriculum, Student Work Book and TG २८
- Designing a Lesson Plan, Demonstration of a Model English Lesson, Practice Teaching, and Feedback Sharing ३२

- कक्षाकोठा व्यवस्थापन ३६

## गणित

- मेरो गणित विषय पाठ्यक्रम र अन्य विषयको साझा सिकाइ र विषयवस्तु ४०
- शिक्षक निर्देशिका र विद्यार्थी पाठ्य तथा कार्यपुस्तकको परिचय र प्रयोग ४२
- एकीकृत पाठ्यक्रममा समावेश गरिएका विधिहरू, सामग्रीहरू तथा शिक्षण सिकाइ योजना निर्माण ४४

- एकीकृत सिकाइ सहजीकरण योजनाअनुसार सिकाइ सहजीकरण क्रियाकलाप निर्माण र सञ्चालन तथा सूक्ष्म शिक्षण ४८
- शैक्षणिक योजना निर्माण र प्रयोग ५१


## हाम्रो सेरोफेरो


- हाम्रो सेरोफेरो विषय र अन्य विषयको साझा सिकाइ र विषयवस्तु ५६
- पाठ्यक्रम, विद्यार्थी कार्यपुस्तक, मार्गदर्शन र शिक्षक निर्देशिकाबिचको सम्बन्ध ५९
- शिक्षण सामग्री निर्माण र प्रयोग तथा शिक्षण विधि ६१
- एकीकृत शिक्षण सिकाइको पाठयोजना निर्माण र नमुना पाठ प्रस्तुति ६३
- शिक्षण अभ्यास र पृष्ठपोषण आदानप्रदान ६९
- मूल्याङ्कन प्रक्रिया र अभिलेखीकरण ७१
- परियोजना कार्य प्रबोधीकरण, लिखित परीक्षा र समापन ७७

# आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रमसम्बन्धी शिक्षक पेसागत विकास तालिमको (१० दिने) प्रशिक्षक प्रशिक्षण कार्यतालिका

| दिन | १०:३०-१२:०० पहिलो सत्र | १२:००-१:३० दोस्रो सत्र | १:३०-२:०० | २:००-३:३० तेस्रो सत्र |
|---|---|---|---|---|
| दिन १ | एकीकृत पाठ्यक्रमको अवधारणा | आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, पाठ्य सामग्री र एकीकृत विषयक्षेत्रहरू | खाजा | सूचना तथा सञ्चार प्रविधिको प्रयोग |
| दिन २ | मेरो नेपाली विषयको पाठ्यक्रम, विद्यार्थी कार्यपुस्तक, शिक्षक निर्देशिकाको परिचय र प्रयोग तथा अन्य विषयसँगको साझा सिकाइ र विषयवस्तु | भाषिक तत्त्वगत (ध्वनि सचेतीकरण, श्रव्य/दृश्यबोध, लेख्यवर्ण सचेतीकरण, पठन प्रवाह) क्रियाकलाप र नमुना प्रस्तुति (भाषिक तत्त्वगत सामग्री, शैक्षणिक विधि, क्रियाकलाप, शिक्षण र अभ्यास | खाजा | भाषिक तत्त्वगत (पठनबोध, लेखाइ, शब्दभण्डार, कार्यमूलक व्याकरण) क्रियाकलाप (भाषिक तत्त्वगत सामग्री, शैक्षणिक विधि, क्रियाकलाप र शिक्षण |
| दिन ३ | नमुना पाठ प्रस्तुति | शिक्षण अभ्यास र पृष्ठपोषण आदानप्रदान | खाजा | शिक्षण अभ्यास र पृष्ठपोषण आदानप्रदान |
| दिन ४ | Common themes and learning outcomes | English curriculum, student workbook and Teacher Guide | खाजा | Designing a lesson plan |

| दिन | १०:३०-१२:०० पहिलो सत्र | १२:००-१:३० दोस्रो सत्र | १:३०-२:०० | २:००-३:३० तेस्रो सत्र |
|---|---|---|---|---|
| दिन ५ | Demonstration of a model lesson | Practice teaching and feedback sharing | खाजा | कक्षाकोठा व्यवस्थापन (भौतिक<br><br>व्यवस्थापन, शैक्षणिक व्यवस्थापन, कक्षा पुस्तकालयको प्रयोग र शिक्षणमा विविधता व्यवस्थापन |
| दिन ६ | मेरो गणित विषय र अन्य विषयको साझा सिकाइ र विषयवस्तु | मेरो गणित विषयको पाठ्यक्रम, पाठ्यक्रम कार्यान्वयन मार्गदर्शन, विद्यार्थी कार्यपुस्तक, शिक्षक निर्देशिकाको परिचय र प्रयोग | खाजा | सामग्रीको निर्माण, प्रयोग र शिक्षण विधि |
| दिन ७ | नमुना पाठ प्रस्तुति, शिक्षण अभ्यास र पृष्ठपोषण आदानप्रदान | शैक्षणिक योजना निर्माण र प्रयोग (एकीकृत पाठ्यक्रम कार्यान्वयन योजना, वार्षिक र एकाइ योजना) | खाजा | शैक्षणिक योजना निर्माण र प्रयोग (कुशल व्यवहार सिपमा आधारित दैनिक पाठयोजना निर्माण, प्रयोग र प्रस्तुति) |
| दिन ८ | हाम्रो सेरोफेरो विषय र अन्य विषयको साझा सिकाइ र विषयवस्तु | हाम्रो सेरोफेरो विषयको पाठ्यक्रम, पाठ्यक्रम कार्यान्वयन मार्गदर्शन, विद्यार्थी कार्यपुस्तक, शिक्षक निर्देशिकाको परिचय र प्रयोग | खाजा | सामग्रीको निर्माण र प्रयोग तथा शिक्षण विधि |
| दिन ९ | एकीकृत शिक्षण सिकाइको पाठयोजना निर्माण र नमुना पाठ प्रस्तुति | शिक्षण अभ्यास र पृष्ठपोषण आदानप्रदान | खाजा | शिक्षण अभ्यास र पृष्ठपोषण आदानप्रदान |
| दिन १० | विद्यार्थी मूल्याङ्कन | एकीकृत विद्यार्थी मूल्याङ्कन | खाजा | परियोजना कार्य प्रबोधीकरण, लिखित परीक्षा र समापन |

# एकीकृत पाठ्यक्रम तथा सिकाइ सामग्री

| दिन : एक | सत्र : पहिलो र दोस्रो | समय : ३ घण्टा |
|---|---|---|

## १. परिचय

दुई वा दुईभन्दा बढी विषयहरूका सान्दर्भिक पक्षहरूलाई अर्थपूर्ण रूपमा संयोजन गरी निर्माण गरिएको पाठ्यक्रमलाई एकीकृत पाठ्यक्रम भनिन्छ । एकीकृत पाठ्यक्रमका विभिन्न ढाँचाहरूमध्ये विषयगत, बहुविषयगत, अन्तरविषयगत र विषयविहीन ढाँचा प्रचलित छन् । नेपालको आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम (एकीकृत पाठ्यक्रम) समग्रमा बहुविषयक ढाँचामा र हाम्रो सेरोफेरो अन्तरविषयक ढाँचामा विकास गरिएको छ । पाठ्यक्रमलाई व्यावहारिक, सान्दर्भिक र सहजरूपमा कार्यान्वयन गर्नको लागि पाठ्यसामग्रीहरूको रूपमा पाठ्यक्रम कार्यान्वयन मार्गदर्शन, शिक्षक निर्देशिका र विद्यार्थी पाठ्य तथा कार्यपुस्तक विकास गरिएको छ ।

## २. उद्देश्य

सत्रको अन्तमा सहभागीहरू निम्न कार्यहरू गर्न सक्षम हुने छन् :

(क) एकीकृत पाठ्यक्रमको अवधारणा प्रस्ट पार्न

(ख) आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम तथा पाठ्यसामग्रीको विशेषताहरू पहिचान गर्न

(ग) एकीकृत विषयक्षेत्रहरू पहिल्याउन

## ३. सामग्री

- आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७६
- शिक्षक निर्देशिका (हाम्रो सेरोफेरो, गणित, अङ्ग्रेजी र नेपाली)
- पाठ्यक्रम कार्यान्वयन मार्गदर्शन (हाम्रो सेरोफेरो, गणित, अङ्ग्रेजी र नेपाली)
- विद्यार्थी पाठ्य तथा कार्यपुस्तक (हाम्रो सेरोफेरो, गणित, अङ्ग्रेजी र नेपाली)

## ४. मुख्य विषयवस्तुहरू

(क) एकीकृत पाठ्यक्रमको अवधारणा

(ख) आधारभूत तह कक्षा (१-३) को पाठ्यक्रम

(ग) पाठ्यसामग्री (पाठ्यक्रम कार्यान्वयन मार्गदर्शन, शिक्षक निर्देशिका र विद्यार्थी पाठ्य तथा कार्यपुस्तक) को परिचय र विशेषताहरू

(घ) पाठ्यक्रम तथा पाठ्यसामग्रीबिचको अन्तरसम्बन्ध

(ङ) एकीकृत विषयक्षेत्रहरू

## ५. सहजीकरण क्रियाकलापहरू

### क्रियाकलाप १ : एकीकृत पाठ्यक्रमको अवधारणा — ३० मिनेट

- सहभागीहरूलाई एकीकृत पाठ्यक्रम सम्बन्धमा मस्तिष्क मन्थन गराउनुहोस् । सहभागीहरूको अनुभवहरूलाई शैक्षणिक पाटीमा टिप्नुहोस् ।
- एकीकृत पाठ्यक्रमको अवधारणा सम्बन्धमा तयार गरिएको स्लाइडको माध्यमबाट सहभागीहरूले प्रस्तुत गरेका अनुभवहरूलाई समेट्दै एकीकृत पाठ्यक्रमको परिचय दिनुहोस् ।

> बालबालिकाको सर्वाङ्गीण विकास गर्ने उद्देश्यबाट दुई वा दुईभन्दा बढी अन्तरसम्बन्धित विषयहरूबिच सहसम्बन्ध स्थापित गर्दै बालबालिकाको सक्रियतालाई केन्द्रमा राखी सैद्धान्तिक ज्ञान तथा सिपलाई व्यावहारिक जीवनसँग आबद्ध गर्ने गरी विकास गरिएको पाठ्यक्रम नै एकीकृत पाठ्यक्रम हो ।

- सहभागीहरूलाई चार समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई मेटाकार्डमा निम्न शीर्षक लेखी छलफल गर्न लगाउनुहोस् ।

  समूह (क) विषयगत ढाँचा (Disciplinary design)

  समूह (ख) बहुविषयगत ढाँचा (Multidisciplinary design)

  समूह (ग) अन्तरविषयक ढाँचा (Interdisciplinary design)

  समूह (घ) विषयविहीन ढाँचा (Transdisciplinary design)

- स्लाइड प्रस्तुतीकरण तथा चित्रको माध्यमबाट माथि उल्लिखित चारओटै ढाँचाको परिचय दिई नेपालको समग्र एकीकृत पाठ्यक्रम बहुविषयक ढाँचामा र हाम्रो सेरोफेरो विषय अन्तरविषयक ढाँचामा विकास गरिएको कुरा उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

### क्रियाकलाप २ : आधारभूत तह (कक्षा १-३) को एकीकृत पाठ्यक्रमका विशेषता — ५० मिनेट

- वर्तमान एकीकृत पाठ्यक्रममा कस्ता कस्ता पक्षहरूलाई समेटिएको छ ? कुन पक्षलाई बढी जोड दिइएको छ ? प्रश्नमा छलफल गराउनुहोस् । प्रत्येक सहभागीलाई एउटा एउटा पक्ष प्रस्तुत गर्न लगाउनुहोस् र शैक्षणिक पाटीमा लेख्दै जानुहोस् ।
- सहभागीहरूद्वारा प्रस्तुत गरेका पक्षहरूलाई समेट्दै एकीकृत पाठ्यक्रमका मुख्य विशेषताहरू बताउनुहोस् ।

- सहभागीहरूलाई पाँच ओटा समूहमा विभाजन गर्नुहोस् । पाठ्यक्रम समूहगत रूपमा वितरण गर्नुहोस् र तपसिलका पक्षहरूमा समूहगत रूपमा अध्ययन गर्न लगाई समूहको निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।

  समूह (क) एकीकृत पाठ्यक्रमको आवश्यकता, औचित्य र महत्त्व

  समूह (ख) एकीकृत पाठ्यक्रम : ढाँचा र संरचना

  समूह (ग) एकीकृत पाठ्यक्रम : सिकाइ सहजीकरण प्रक्रिया

  समूह (घ) एकीकृत पाठ्यक्रममा मूल्याङ्कन प्रक्रिया

  समूह (ङ) व्यवहारकुशल सिप र प्रयोग गर्ने तरिका

- प्रत्येक समूहले प्रस्तुत गरिसकेपश्चात् अन्य समूहलाई आवश्यक पृष्ठपोषण दिन लगाउनुहोस् । सहजकर्ताले स्लाइडद्वारा माथि उल्लिखित एकीकृत पाठ्यक्रम ढाँचा र संरचना (बहुविषयक र अन्तरविषयक, विषयहरू, पाठ्यघण्टा र कार्यघण्टा आदि) सहजीकरण, मूल्याङ्कन प्रक्रिया तथा व्यवहारकुशल सिपका पाँच मुख्य क्षेत्र र ती क्षेत्रअन्तर्गत पर्ने २९ ओटा सिपहरूको जानकारी दिनुहोस् ।

## क्रियाकलाप ३ : पाठ्यसामग्री (पाठ्यक्रम कार्यान्वयन मार्गदर्शन, शिक्षक निर्देशिका र विद्यार्थी पाठ्य तथा कार्यपुस्तक) को परिचय र विशेषताहरू

६0 मिनेट

- सहभागीहरूलाई चार समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई तपसिलको पाठ्यसामग्रीको अध्ययन गर्न लगाई मुख्य मुख्य विशेषताहरूको सूची चार्टपेपरमा तयार गर्न लगाउनुहोस् ।

  समूह (क) पाठ्यक्रम कार्यान्वयन मार्गदर्शन (परिचय र विशेषता)

  समूह (ख) शिक्षक निर्देशिका (परिचय र विशेषता)

  समूह (ग) विद्यार्थी पाठ्य तथा कार्यपुस्तक (परिचय र विशेषता)

- माथि उल्लिखित कार्यलाई समूहगत रूपमा प्रस्तुत गर्न लगाउनुहोस् र स्लाइडमार्फत थप पृष्ठपोषण प्रदान गर्नुहोस् ।

## क्रियाकलाप ४ : पाठ्यक्रम तथा पाठ्यसामग्रीबिचको अन्तरसम्बन्ध

१५ मिनेट

- माथि छलफल गरिएका पाठ्यक्रम र पाठ्यसामग्रीको आधारमा पाठ्यक्रम तथा पाठ्यसामग्रीहरू (मार्गदर्शन, निर्देशिका र विद्यार्थी पाठ्य तथा कार्यपुस्तक) बिचको अन्तरसम्बन्ध पहिचान गर्न लगाउनुहोस् ।

- सहभागीहरूले प्रस्तुत गरेका अनुभवहरूलाई समेट्दै पाठ्यक्रम सिकाइ प्रक्रियाको योजनाको रूपमा रहेको र उक्त योजनालाई सहज र सरल बनाई निर्धारित सक्षमता तथा सिकाइ उपलब्धि हासिल गराउन पाठ्यक्रम कार्यान्वयन मार्गदर्शन, शिक्षक निर्देशिका र पाठ्य तथा कार्यपुस्तकले सहयोग गर्ने कुरा बताइदिनुहोस् ।

## क्रियाकलाप ५ : एकीकृत विषयक्षेत्रहरू

२५ मिनेट

- सहभागीहरूलाई एकीकृत पाठ्यक्रम वितरण गर्नुहोस् र एकीकृत विषयक्षेत्रहरू पहिचान गर्न लगाउनुहोस् ।

| क्र.स. | विषयक्षेत्रको वितरणको अवस्था | विषयक्षेत्र | सङ्ख्या |
|---|---|---|---|
| १ | चारओटै क्षेत्र भएका विषयक्षेत्रहरू | १. म र मेरो परिवार २. मेरो दैनिक जीवन ३. मेरो विद्यालय ४. सञ्चार प्रविधि र बजार | ४ |
| २ | तीनओटा क्षेत्र भएका विषयक्षेत्रहरू | १. हाम्रो समुदाय (अङ्ग्रेजीबाहेक) २.हाम्रो वातावरण (गणितबाहेक) ३. मेरो सिर्जना (अङ्ग्रेजीबाहेक) ४. हाम्रो संस्कृति (गणितबाहेक) | ४ |
| ३ | दुईओटा क्षेत्र भएका विषयक्षेत्रहरू | १. हाम्रो वरपरको संसार (सेरोफेरो र नेपालीमा मात्र)<br>२. बाणी र रूचि (नेपाली र अङ्ग्रेजीमा मात्रं) | २ |
| ४ | विषयगत क्षेत्रहरू | अङ्ग्रेजीमा मात्र : १. वर्ण २. मेरा सरसामान ३. फलफूल र तरकारी ४. चरा र जनावर<br>नेपालीमा मात्र : १. हाम्रा क्रियाकलाप<br>सेरोफेरोमा मात्र : १ हाम्रा वरपरका सजीवहरू<br>गणितमा मात्र : १. सङ्ख्याको ज्ञान २. गणितका आधारभूत क्रिया ३. नाप र तौल | ९ |
| जम्मा | | | १९ |

- एकीकृत विषयक्षेत्रहरूमा छलफल गर्दा बहुविषयक र अन्तरविषयक ढाँचामा कुन कुन विषयक्षेत्रहरूलाई कसरी राखिएको छ ? छलफल गराई प्रस्तुत गर्न लगाउनुहोस् ।
- चारओटै विषयमा साझा क्षेत्र वा थिम, तीनओटा विषयमा भएका साझा थिम, दुईओटा विषयमा मात्र भएका साझा थिम र विषयगत थिममात्र पहिचान गर्न लगाई प्रस्तुत गर्न लगाउनुहोस् र निम्न चार्टको आधारमा आवश्यक पृष्ठपोषण दिनुहोस् ।
- एकीकृत सिकाइ योजनाको लागि एकीकृत विषयक्षेत्र तथा सिकाइ उपलब्धिलाई तपसिलको उदाहरणसहित प्रस्ट पार्नुहोस् :

| विषयक्षेत्र | गणित विषयसम्बद्ध सिकाइ उपलब्धि | अङ्ग्रेजी विषयसम्बद्ध सिकाइ उपलब्धि | हाम्रो सेरोफेरो विषयसम्बद्ध सिकाइ उपलब्धि | नेपाली विषयसम्बद्ध सिकाइ उपलब्धि |
|---|---|---|---|---|
| म र मेरो परिवार | • स्थानका आधारमा वस्तुहरूलाई भित्र र बाहिर, अगाडि र पछाडि, तल र माथि, दायाँ, बायाँ र बिच, नजिक र टाढा छुट्याउन,<br>• १ देखि २० सम्मका सङ्ख्याको गणना, पढाइ लेखाइ, तुलना गर्न | • Recognize and read familiar words accompanied by visuals,<br>• Draw lines, curves, circles ect., trace the letters and write them | • साधारण उपकरणको अवलोकन<br>• आफ्नो परिवारका सदस्यको नाम र नाता, परिवारका मुख्य मुख्य कार्यहरू,<br>• मोटा, मसिना, सिधा, बाङ्गाटिङ्गा रेखा कोर्न | • पठन तथा लेखनपूर्वको चरण : प्रविधिसम्बद्ध<br>• सामग्री नाम<br>• दिइएका सङ्केतका<br>• आधारमा छड्के, सिधा र गोलो रेखा कोर्न,<br>• चित्रमा रङ भर्न |
| ............ | | | | |

- पाठ्यक्रममा माथि उल्लिखित पक्षहरूलाई छुट्याइए तापनि सम्भव भएसम्म सिकाइ सहजीकरण गर्दा एकीकृत गरी सिकाउन सकिने निष्कर्ष दिनुहोस् । जस्तो : सेरोफेरोमा हाम्रा वरपरका सजीवहरू मात्र भए तापनि यसभित्रका विषयवस्तुहरू सहजीकरण गर्दा नेपाली, अङ्ग्रेजी र गणितमा समेत मिल्ने कुरारूलाई एकीकरण गरी सिकाउन सकिने कुरा बताइदिनुहोस् ।

## ६. प्रतिबिम्बन/मूल्याङ्कन

- एकीकृत पाठ्यक्रमको सम्बन्धमा तपाईंको बुझाइ के रह्यो ?
- एकीकृत पाठ्यक्रमको औचित्यलाई कसरी प्रस्ट पार्न सक्नुहुन्छ ?
- नेपालमा कार्यान्वयन भइरहेको एकीकृत पाठ्यक्रमका मुख्य विशेषताहरू के के रहेछन् ?
- पाठ्यक्रम, पाठ्यक्रम कार्यान्वयन मार्गदर्शन, शिक्षक निर्देशिका र विद्यार्थी पाठ्य तथा कार्यपुस्तकबिचको अन्तरसम्बन्ध कस्तो पाउनु भयो ?
- एकीकृत विषयक्षेत्रहरू पहिचान गर्न सक्नुभयो ? एकीकृत सिकाइ सहजीकरण कसरी गर्न सकिने रहेछ ?

# सूचना तथा सञ्चार प्रविधिको प्रयोग

| दिन : एक | सत्र : तेस्रो | समय : १ घण्टा ३० मिनेट |
|---|---|---|

## १. परिचय

यस सत्रमा एकीकृत पाठ्यक्रमअन्तर्गत विभिन्न विषय क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने सिप सिकाइनेछ । आजको समयमा शिक्षण सिकाइ कार्यमा सूचना प्रविधिको प्रयोग बढ्दै गएको छ । जुन विद्यालय वा शिक्षकसँग विद्युत र इन्टरनेट सेवा उपलब्ध छ, त्यहाँ सूचना प्रविधिको प्रयोग गर्न सकिन्छ । यसको प्रयोग शिक्षकले शिक्षण सामग्री सङ्कलन तथा प्रयोगमा गर्न सक्नुहुने छ । त्यसैगरी कक्षामा शिक्षण सिकाइमा र विद्यार्थीको मूल्याङ्कनमा पनि सूचना प्रविधिको प्रयोग गर्न सकिन्छ । खासगरी विषयवस्तुसँग सम्बन्धित चित्र, भिडियो, अडियो तथा लिखित सामग्रीलगायतका सामग्री सूचना प्रविधिको प्रयोग गरी प्राप्त गर्न सकिन्छ भने कक्षामा प्रोजेक्टर वा कम्प्युटर वा स्मार्टफोनबाट प्रस्तुत गर्न सकिन्छ । सूचना प्रविधिको प्रयोगबाट शिक्षण सिकाइलाई प्रभावकारी बनाउन तथा विद्यार्थीलाई प्रत्यक्षीकरण गरेर सिक्न सहज बनाउँछ । त्यसैले एकीकृत पाठ्यक्रमको तालिममा पनि सूचना प्रविधिको प्रयोगसम्बन्धी विषयवस्तु समावेश गरिएको हो ।

## २. उद्देश्य

- यस सत्रको अन्त्यमा सहभागीहरू निम्नअनुसारका कार्यहरू गर्न सक्षम हुने छन् :
- एकीकृत पाठ्यक्रमअन्तर्गतको विभिन्न विषयवस्तुको शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग गर्न

## ३. सामग्रीहरू

- कम्प्युटर
- इन्टरनेट सेवा
- प्रोजेक्टर

## ४. मुख्य विषयवस्तु

(क) सूचना प्रविधिको परिचय (ख) शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग

## ५. सहजीकरण क्रियाकलाप

### क्रियाकलाप १ : ध्यानाकर्षण — ५ मिनेट

सूचना प्रविधिसँग सम्बन्धित कुनै भिडियो क्लिप प्रस्तुत गर्दै सो क्लिपबाट सहभागीहरूले के बुझे ? भन्न लगाउनुहोस् ।

### क्रियाकलाप २ : अनुभव आदानप्रदान — १० मिनेट

सहभागीहरूले आफ्नो शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग कसरी गर्दै आएका छन् ? अनुभवहरू भन्न लगाउनुहोस् ।

## क्रियाकलाप ३ : सूचना प्रविधि प्रयोगको अभ्यास ४५ मिनेट


स्लाइड प्रदर्शन गर्दै विभिन्न विषयवस्तु शिक्षणका लागि आवश्यक लिखित सामग्री, भिडियो, अडियो र चित्रहरू कसरी डाउनलोड गर्न सकिन्छ र कसरी प्रस्तुत गर्न सकिन्छ भनी प्रोसेसलाई एक एक गरी देखाउनुहोस् र सहभागीहरूलाई पनि सँगसँगै गर्न लगाउनुहोस् । लर्निङ पोर्टल https://learning.cehrd.edu.np/home भिजिट गर्न लगाउनुहोस् र ५ देखि १० मिनेटसम्म विभिन्न विषयका सामग्रीहरुको प्रयाग गर्न लगाउनुहोस् ।




मोबाइलको Google Play Store मा गएर Ramailo Padhai (रमाइलो पढाइ) App डाउनलोड गर्न लगाउनुहोस् र ५ देखि १० मिनेट अभ्यास गराउनुहोस् ।

## क्रियाकलाप ४ : छलफल २५ मिनेट

सहभागीहरूलाई नेपाली, सेरोफेरो, गणित र अङ्ग्रेजी विषयका चार समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहले एक एकओटा विषयमा सूचना प्रविधिको प्रयोग गरी कसरी शिक्षण गर्न सकिन्छ भनी छलफल गरी समूहगत निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।




## ६. प्रतिबिम्बन/मूल्याङ्कन ५ मिनेट

१. सूचना प्रविधिको प्रयोगले शिक्षणमा कस्तो असर पर्छ ?

२. प्रभावकारी शिक्षण गर्न सूचना प्रविधिको उपयोग कसरी गर्न सकिन्छ ?

नेपाली

# एकीकृत पाठ्यक्रम तथा पाठ्यसामग्रीको चिनारी र प्रयोग

| दिन : दुई | सत्र : पहिलो | समय : १ घण्टा ३० मिनेट |
|---|---|---|

## १. परिचय

विद्यालय शिक्षाको पाठ्यक्रमको स्वरूप समयक्रमसँगै विकास, विस्तार र परिमार्जन हुँदै आएको छ । आधारभूत तह (कक्षा १-३) को एकीकृत पाठ्यक्रम विभिन्न विषयका विषयगत पाठ्यक्रमलाई अन्तर्सम्बन्धित बनाई निर्माण गरिएको पाठ्यक्रम हो । अलग अलग विषयका पाठ्यक्रमले विषयवस्तुलाई पृथकीकृत गराउने हुँदा बालकेन्द्रित सिकाइमा जोड दिई सर्वाङ्गीण बालविकासको अवधारणामा आधारित भई एकीकृत पाठ्यक्रम विकास भएको छ । एकीकृत पाठ्यक्रमले अन्तरविषयक तथा बहुविषयक विषयक्षेत्रमा आधारित भई जीवनोपयोगी तथा व्यवहारकुशल सिपहरूलाई समेत एकीकृत गरेको छ । साथै बालबालिकाको सिकाइ र पढाइ सिप विकासको विद्यमान अवस्थामा सुधार ल्याउन नेपाली विषयको पाठ्यक्रममा भाषिक तत्त्वगत शिक्षणको अवधारणामा आधारित भई पाठ्यक्रम तथा पाठ्यसामग्रीहरू विकास भएका छन् । भाषिक सिपको विकासका लागि पठन तत्त्वगत सिपहरूमा विभाजन गरी सोहीअनुरूप सिकाइ उपलब्धि पनि तय गरिएको छ । यी सिकाइ उपलब्धि हासिल गर्नका लागि विषयवस्तुको क्षेत्र र क्रम विकास गरी सोको शिक्षण सिकाइका लागि विद्यार्थी कार्यपुस्तक तथा शिक्षक निर्देशिका विकास गरिएका छन् । अतः यस सत्रमा हामी नेपाली विषयको एकीकृत पाठ्यक्रम, शिक्षक निर्देशिका र विद्यार्थी कार्यपुस्तकको चिनारी र प्रयोगका बारेमा छलफल गर्ने छौँ ।

## २. उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नअनुसारका कार्यहरू गर्न सक्षम हुने छन् :

(क) मेरो नेपाली विषयको पाठ्यक्रम, विद्यार्थी कार्यपुस्तक, शिक्षक निर्देशिकाको परिचय र विशेषता प्रस्तुत गर्न

(ख) मेरो नेपाली विषय र अन्य विषयको साझा सिकाइको विषयवस्तु पहिचान र प्रयोग गर्न

## ३. सामग्री

- पाठ्यक्रम
- विद्यार्थी कार्यपुस्तक
- शिक्षक निर्देशिका

## ४. विषयवस्तु

(क) नेपाली विषयको पाठ्यक्रमको परिचय र विशेषता

(ख) विद्यार्थी कार्यपुस्तक, शिक्षक निर्देशिकाको परिचय र विशेषता

(ग) नेपाली विषय र अन्य विषयसँगको सिकाइ उपलब्धिको एकीकरणको अवस्था पहिचान र विश्लेषण

## ५. क्रियाकलाप सञ्चालन प्रक्रिया

### क्रियाकलाप १ : सुरुवाती क्रियाकलाप

१० मिनेट

- सबै सहभागीलाई गोलो घेरामा उभिन लगाई 'तातो आलु' खेल खेलाउनुहोस् । तातो आलु समाउने हरेक सहभागीलाई पाठ्यक्रम के हो, एकीकृत पाठ्यक्रम भन्नाले के बुझ्नुहुन्छ ? यसका अङ्गहरू तथा सिकाइमा यसको महत्त्व बारेमा एक एक वाक्य भन्न लगाउनुहोस् ।
- सहभागीबाट आएका कुरामा केही महत्त्वपूर्ण कुरा छुटेको भए सहजकर्ताले थप गर्नुहोस् ।

### क्रियाकलाप २ : नेपाली विषय र अन्य विषयसँगको सिकाइ उपलब्धिको एकीकरणको अवस्था पहिचान र विश्लेषण

३५ मिनेट

- सहभागीलाई चारओटा समूहमा विभाजन गरी पाठ्यक्रम, शिक्षक निर्देशिका र विद्यार्थी कार्यपुस्तक अध्ययन गर्न लगाउनुहोस् ।
- देहायबमोजिम चारओटै विषयक्षेत्र हुने थिम, तीनओटा विषयक्षेत्र हुने थिम, दुईओटा विषयक्षेत्र हुने थिम र विषयगत रूपमा मात्र संलग्न थिमको बारेमा अध्ययन गर्न लगाई भन्न लगाउनुहोस् ।

| समूह | एकीकरण हुने विषयक्षेत्रहरू | | | नेपाली विषयसँग मात्र सम्बन्धित विषयक्षेत्रहरू |
|---|---|---|---|---|
| | चारओटै विषयक्षेत्र हुने थिम | तीनओटा विषयक्षेत्र हुने थिम | दुईओटा विषयक्षेत्र हुने थिम | |
| समूह १ | | | | |
| समूह २ | | | | |
| समूह ३ | | | | |
| समूह ४ | | | | |

- कुनै एक वा बहुथिममा आधारित मिल्दाजुल्दा सिकाइ उपलब्धिको एकीकरणको अवस्थालाई प्रदर्शन गर्नुहोस् । जस्तै :




- विद्यार्थी पाठ्य तथा कार्यपुस्तकमा माथि उल्लिखित सिकाइ उपलब्धि एकीकृत रूपमा सिकाइ गराउनका लागि म र मेरो परिवार विषयक्षेत्रअन्तर्गत पाठ १ का ध्वनि सचेतीकरण, श्रव्यदृश्य बोध, शब्दभण्डार, श्रुतिबोधलगायतका कार्यकलाप सहजीकरणका क्रममा एकीकृत रूपमा शिक्षण गर्न सकिने कुरा बताइदिनुहोस् ।

- सहभागीहरूलाई समूहमा विभाजन गरी नेपाली, अङ्ग्रेजी, हाम्रो सेरोफेरो तथा गणित विषयका थिममा समावेश गरिएका सिकाइ उपलब्धिहरू अध्ययन गर्न लगाउनुहोस् र थिममा मिल्दाजुल्दा (एकीकरण गर्न सकिने) सिकाइ उपलब्धि, कार्यपुस्तकका क्रियाकलापहरू र व्यवहारकुशल सिपको पहिचान गरी समूहगत रूपमा टिपोट गर्न लगाउनुहोस् ।

  - टिपोट गरिएका विषयवस्तुलाई ग्यालरी वार्कमार्फत अध्ययन गर्न लगाई पृष्ठपोषण प्रदान गर्न लगाउनुहोस् ।

  - सहभागीको समूहगत प्रस्तुतिलाई समेट्दै पाठ्यक्रममा संलग्न बहुविषयक विषयक्षेत्र तथा थिमको वितरण तथा पाठ्यक्रमको एकीकृत संरचनामा कक्षागत सिकाइ उपलब्धिको विस्तृतीकरण नै एकीकृत सिकाइको मुख्य आधार रहेको र यसका लागि एकीकृत पाठ्यक्रम, पाठ्यकम कार्यान्वयन मार्गदर्शन, शिक्षक निर्देशिका, विद्यार्थी कार्यपुस्तकमा दिइएका क्रियाकलापहरूसमेतलाई समेटी एकीकरण गर्ने आधारको रूपमा लिन सकिने कुरासमेत समेटी एकीकृत विषयक्षेत्रका बारेमा स्पष्ट पारिदिनुहोस् ।

### क्रियाकलाप ३ : नेपाली विषयको पाठ्यक्रम, शिक्षक निर्देशिका, विद्यार्थी कार्यपुस्तक अध्ययन

४० मिनेट

- सहभागीलाई समूहमा विभाजित गर्न लगाउनुहोस् । मेरो नेपाली विषयको पाठ्यक्रम, शिक्षक निर्देशिका र विद्यार्थी कार्यपुस्तक अध्ययन गर्न लगाउनुहोस् ।
- समूहलाई पाठ्यक्रमले समावेश गरेका सिकाइ उपलब्धि तथा विद्यार्थी कार्यपुस्तक र शिक्षक निर्देशिकामा भएका सिकाइ सहजीकरण क्रियाकलाप, कार्यान्वयन तरिका, भाषिक तत्त्वगत क्रियाकलाप देहायबमोजिमको तालिकामा टिपोट गर्न लगाउनुहोस्, जस्तै :

| विषयक्षेत्र (थिम) | सिकाइ उपलब्धि | विषयवस्तुको क्षेत्र र क्रम | विषयवस्तु | विद्यार्थी कार्यपुस्तकका क्रियाकलाप | शिक्षक निर्देशिकाको क्रियाकलाप | सम्भावित व्यवहारकुशल सिप |
|---|---|---|---|---|---|---|
| मेरो दैनिक जीवन | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

- सहभागीले टिपोट गरेका विषयवस्तुलाई प्रस्तुत गर्न लगाउनुहोस् ।
- सहभागीको प्रस्तुतिलाई समेट्दै नेपाली विषयको पाठ्यक्रम, पाठ्यक्रम कार्यान्वयन मार्गदर्शन, विद्यार्थी कार्यपुस्तक, शिक्षक निर्देशिकाका बारेमा देहायका आधारमा पावरप्वाइन्ट प्रस्तुत गर्दै स्पष्ट पारिदिनुहोस् ।

  - नेपाली विषयको पुरानो र नयाँ पाठ्यक्रमका बिचको समता तथा भिन्नता
  - नेपाली विषयका पाठ्यक्रम, पाठ्यक्रम कार्यान्वयन मार्गदर्शनका विशेषताहरू
  - शिक्षक निर्देशिकाका ढाँचा र विषयवस्तुको प्रस्तुति
  - विद्यार्थी कार्यपुस्तकको ढाँचा, क्रियाकलापको प्रस्तुति

## ६. प्रतिबिम्बन

५ मिनेट

सहभागीलाई निम्नलिखित पक्षमा केन्द्रित भई प्रतिबिम्बन गर्न लगाउनुहोस् :

(क) मेरो नेपाली विषयको पाठ्यक्रममा रहेका भाषिक तत्त्वहरू कुन कुन हुन् ?

(ख) चारै ओटा विषयमा मिल्ने थिमहरू कतिओटा रहेका छन् ?

# भाषिक तत्त्वगत चिनारी र प्रयोग

## (ध्वनि सचेतीकरण, श्रव्यदृश्यबोध, लेख्यवर्ण सचेतीकरण, पठन प्रवाह)

| दिन : दुई | सत्र : दोस्रो | समय : १ घण्टा ३० मिनेट |
|---|---|---|

## १. परिचय

आधारभूत तह (कक्षा १ देखि ३) को पाठ्यक्रममा भाषिक सिप विकासलाई विशेष जोड दिएको छ । विद्यार्थीहरूमा भाषिक सिप विकासले गणित, हाम्रो सेरोफेरोलगायतका विषयको ज्ञान, सिप र धारणा विकासका लागि समेत आधारभूत भूमिका खेलेको हुन्छ । प्रारम्भिक कक्षाबाट नै पठन सिप विकास हुन सकेन भने माथिल्लो कक्षामा पर्याप्त सिकाइ हुन सक्दैन । विद्यार्थीको पठन सिप विकासका लागि भाषिक तत्त्वहरू निर्धारण गरिएका छन् । भाषिक तत्त्वअन्तर्गत ध्वनि सचेततीकरण, श्रव्यदृश्यबोध, लेख्यवर्ण सचेतीकरण, पठनप्रवाह, शब्दभण्डार, पठनबोध, कार्यमूलक व्याकरण र लेखाइ पर्छन् । भाषिक तत्त्वले विद्यार्थीहरूमा बोध र अभिव्यक्ति दुवै पक्षको समानान्तर विकास गराउँछ । यस सत्रमा हामी ध्वनि सचेततीकरण, श्रव्यदृश्यबोध, लेख्यवर्ण सचेतीकरण, पठनप्रवाहको चिनारी र प्रयोगका बारेमा छलफल गर्ने छौँ ।

## २. उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नअनुसारका कार्यहरू गर्न सक्षम हुने छन् :

(क) उल्लिखित भाषिक तत्त्वका लागि उपयोगी शैक्षणिक सामग्री, शैक्षणिक विधि (क्रमिक सिकाइ रणनीति र गतिशील सिकाइ समूह निर्माण) र सम्भावित क्रियाकलाप प्रस्तुत गर्न

(ख) निर्धारित भाषिक तत्त्वका सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन तथा अभ्यास गर्न

## ३. सामग्री

एकीकृत पाठ्यक्रम, विद्यार्थी कार्यपुस्तक, शिक्षक निर्देशिका

## ४. मुख्य विषयवस्तु

(क) उल्लिखित भाषिक तत्त्वका लागि उपयोगी शैक्षणिक सामग्री, शैक्षणिक विधि (क्रमिक सिकाइ रणनीति र गतिशील सिकाइ समूह निर्माण) र सम्भावित क्रियाकलाप

(ख) निर्धारित भाषिक तत्त्वका नमुना शिक्षण अभ्यास

## क्रियाकलाप सञ्चालन प्रक्रिया

### क्रियाकलाप १ : शब्दहरूको अन्ताक्षरी खेल — १५ मिनेट

- कुनै ३ सहभागीलाई छनोट गरी अगाडि खेल खेल्न बोलाउनुहोस् । एक जनालाई बोलाइ, एक जनालाई लेखाइ र अर्कोलाई पढाइ नाम दिनुहोस् । बोलाइलाई नेपाली भाषाका कुनै दुईओटा शब्दहरू भन्न लगाउनुहोस् । लेखाइलाई ती शब्द सुनेर आफ्नो कापीमा लेख्न लगाउनुहोस् । पढाइलाई ती शब्दहरू पढ्न लगाउनुहोस् ।
- खेल खेलिसकेपछि सहजकर्ताले उक्त तीन जनाबाहेकका अन्य सहभागीलाई निम्नलिखित प्रश्नहरू गर्नुहोस् :

  (क) बोलाइ, लेखाइ र पढाइले गरेको क्रियाकलापबाट कुन पठन सिप विकास गर्न खोजिएको हो ?

  (ख) यस क्रियाकलापबाट के कुरा सिक्नुभयो ?
- सहभागीको प्रतिक्रियापछि सहजकर्ताले ध्वनि सचेतीकरण, श्रव्यदृश्यबोध, लेख्यवर्ण सचेतीकरण र पठन प्रवाहको अर्थ, परिभाषा र महत्त्वको सम्बन्धमा पावरप्वाइन्ट वा चार्टमा आफ्नो प्रस्तुति दिनुहोस् ।

### क्रियाकलाप २ : भाषिक तत्त्वगत क्रियाकलाप (शैक्षणिक सामग्री, शैक्षणिक विधि (क्रमिक सिकाइ रणनीति) र सम्भावित क्रियाकलाप — ३० मिनेट

- सहभागीलाई चार समूहमा विभाजन गर्नुहोस् ।
- मेरो नेपाली विषयको पाठ्यक्रम, विद्यार्थी कार्यपुस्तक र शिक्षक निर्देशिकाका कुनै एक विषयक्षेत्र छनोट गरी अध्ययन गर्न लगाउनुहोस् ।
- अध्ययन गरी कुनै एक तत्त्वको बारेमा सम्भावित क्रियाकलाप, विधि र सामग्रीको बारेमा तल दिइएको ढाँचामा टिपोट गर्न लगाउनुहोस् :

### विषयक्षेत्र म र मेरो परिवार (कक्षा १)

| समूह | भाषिक तत्त्व | सिकाइ उपलब्धि | क्षेत्र र क्रम | अन्य विषयसँग मिल्दा विषयवस्तु | सम्भावित क्रियाकलाप | विधि | शैक्षिक सामग्री | अभ्यास पुस्तिकाको क्रियाकलाप |
|---|---|---|---|---|---|---|---|---|
| १ | ध्वनि सचेतीकरण | | | | | | | |
| २ | श्रव्यदृश्य बोध | | | | | | | |
| ३ | लेख्यवर्ण सचेतीकरण | | | | | | | |
| ४ | पठन प्रवाह | | | | | | | |

- सहभागीको समूहगत कार्यलाई प्रस्तुत गर्न लगाउनुहोस् ।
- समूहको प्रस्तुतिलाई समेट्दै ध्वनि सचेतीकरण, श्रव्यदृश्य बोध, लेख्यवर्ण सचेतीकरण, पठन प्रवाहका लागि शैक्षणिक क्रियाकलाप, उपयुक्त शैक्षणिक विधि, सामग्री निर्माण तथा प्रयोगको बारेमा पावरप्वाइन्ट प्रस्तुतिका आधारमा स्पष्ट पारिदिनुहोस् ।

### क्रियाकलाप ३ : निर्धारित भाषिक तत्त्वको नमुना शिक्षण अभ्यास — ४० मिनेट

- सहजकर्ताले ध्वनि सचेतीकरण, श्रव्यदृश्य बोध, लेख्यवर्ण सचेतीकरण, पठन प्रवाहको छोटो (कुनै एक तत्त्वलाई करिब ३–५ मिनेट) नमुना शिक्षण प्रस्तुत गर्नुहोस् ।
- क्रियाकलाप २ मा विभाजित समूहलाई आआफ्नो समूहमा परेको तत्त्वका आधारमा आफ्नै समूहमा शिक्षण अभ्यास गर्न लगाउनुहोस् ।
- प्रत्येक समूहमा सहजकर्ताले अवलोकन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।
- अन्त्यमा समूहगत अभ्यासका आधारमा सबल र सुधार गर्नुपर्ने पक्षलाई थप स्पष्ट गरी आफ्नो निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

## ६. प्रतिबिम्बन — ५ मिनेट

(क) ध्वनि सचेतीकरण शिक्षणमा प्रयोग गर्न सकिने सामग्रीहरू के के हुन् ?

(ख) लेख्यवर्ण सचेतीकरणका कुनै २ क्रियाकलापहरू भन्नुहोस् ।

# भाषिक तत्त्वगत चिनारी र प्रयोग

## (पठनबोध, शब्दभण्डार, लेखाइ र कार्यमूलक व्याकरण)

| दिन : दुई | सत्र : तेस्रो | समय : १ घण्टा ३० मिनेट |
|---|---|---|

## १. परिचय

यस सत्रमा हामी पठनबोध, शब्दभण्डार, लेखाइ र कार्यमूलक व्याकरणका बारेमा अध्ययन गर्ने छौँ । पढेर बोध गर्नुलाई पठनबोध भनिन्छ । पढेका कुरा बुझ्न सक्ने बनाउन विद्यार्थीलाई बोधको विकास गराउने खालका विभिन्न शैक्षणिक क्रियाकलापमा सरिक गराउनुपर्छ । यस्ता क्रियाकलापले विद्यार्थीमा पढ्ने सिपको विकास गराउँछ । त्यस्तै कुनै पनि शब्दको अर्थ र त्यसको सन्दर्भगत प्रयोगको पक्षलाई शब्दभण्डारले समेटेको हुन्छ । पढेका र सुनेका कुरालाई लिपिबद्ध गर्नु लेखाइ हो । लेख्यवर्ण सचेतीकरणमा विशेषतः वर्ण र शब्दमा जोड दिइने, शब्द भण्डारमा वाक्यमा प्रयोगतर्फ जोड दिइने र बोधमा लेखाइमा भन्दा पनि पढेको कुरा बुझे नबुझेको कुरा मात्र हेरिने तर स्वतन्त्र लेखन पनि हाम्रो सन्दर्भमा महत्त्वपूर्ण भएकाले यसलाई अलग्गै तत्त्वको रूपमा थप गरिएको छ ।

## २. उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नअनुसारका कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पठनबोध, शब्दभण्डार, लेखाइ र कार्यमूलक व्याकरणका परिचय र महत्त्व प्रस्तुत गर्न

(ख) उल्लिखित भाषिक तत्त्वका लागि उपयोगी शैक्षणिक सामग्री, शैक्षणिक विधि (क्रमिक सिकाइ रणनीति र गतिशील सिकाइ समूह निर्माण) र सम्भावित क्रियाकलाप प्रस्तुत गर्न

(ग) पठनबोध, शब्दभण्डार, लेखाइ र कार्यमूलक व्याकरणका सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन तथा अभ्यास गर्न

## ३. सामग्री

एकीकृत पाठ्यक्रम, विद्यार्थी कार्यपुस्तक, शिक्षक निर्देशिका

## ४. मुख्य विषयवस्तु

(क) पठनबोध, शब्दभण्डार, लेखाइ र कार्यमूलक व्याकरणको परिचय र महत्त्व

(ख) उल्लिखित भाषिक तत्त्वका लागि उपयोगी शैक्षणिक सामग्री, शैक्षणिक विधि (क्रमिक सिकाइ रणनीति र गतिशील सिकाइ समूह निर्माण) र सम्भावित क्रियाकलाप

(ग) निर्धारित भाषिक तत्त्वका नमुना शिक्षण अभ्यास

## क्रियाकलाप सञ्चालन प्रक्रिया

### क्रियाकलाप १ : सुरुवाती क्रियाकलाप (वाक्य निर्माण खेल) १५ मिनेट

- सहजकर्ताले सहभागीलाई कदेखि ङ वर्ण र सबै आकारहरूको प्रयोग गरी कुनै ३ वाक्य बनाउन लगाउनुहोस् ।
- जसले छिटो वाक्य बनाउँछ, तीमध्ये कुनै चार जनालाई अगाडि बोलाउनुहोस् ।
- चार जनामध्ये एक जनालाई लेखेको वाक्य पढ्न लगाउनुहोस् । अर्को जना सहभागीलाई त्यस वाक्यसँग सम्बन्धित प्रश्न बनाई बाँकी रहेका दुईमध्ये एक जना सहभागीलाई सोध्न लगाउनुहोस् । बाँकी एक जनालाई कुनै शब्दको अर्थ र वाक्यमा प्रयोग सोध्नुहोस् । कुनै एक वाक्यलाई आदरका आधारमा परिवर्तन गर्न लगाउनुहोस् ।
- सहजकर्ताले उक्त जना जनाबाहेकका अन्य सहभागीलाई निम्नलिखित प्रश्नहरू गर्नुहोस् :

  (क) अहिले गरेको क्रियाकलापबाट कुन सिप विकास गर्न खोजिएको हो ?

  (ख) यस क्रियाकलापबाट के कुरा सिक्नुभयो ?
- सहभागीको प्रतिक्रियापछि सहजकर्ताले पठनबोध, शब्दभण्डार, कार्यमूलक व्याकरण र लेखाइको अर्थ, परिभाषा र महत्त्वको सम्बन्धमा पावरप्वाइन्ट वा चार्टमा आफ्नो प्रस्तुति दिनुहोस् ।

### क्रियाकलाप २ : भाषिक तत्त्वगत क्रियाकलाप (शैक्षणिक सामग्री, शैक्षणिक विधि (क्रमिक सिकाइ रणनीति) र सम्भावित क्रियाकलाप ३५ मिनेट

- सहभागीलाई चार समूहमा विभाजन गर्नुहोस् ।
- मेरो नेपाली विषयको पाठ्यक्रम, विद्यार्थी कार्यपुस्तक र शिक्षक निर्देशिकाका कुनै एक विषयक्षेत्र छनोट गरी अध्ययन गर्न लगाउनुहोस् ।
- अध्ययन गरी कुनै एक तत्त्वको बारेमा सम्भावित क्रियाकलाप, विधि र सामग्रीको बारेमा तल दिइएको ढाँचामा टिपोट गर्न लगाउनुहोस् :

विषयक्षेत्र म र मेरो परिवार (कक्षा १)

| समूह | भाषिक तत्त्व | सिकाइ उपलब्धि | क्षेत्र र क्रम | अन्य विषयसँग मिल्दा विषयक्षेत्रहरू | सम्भावित क्रियाकलाप | विधि | शैक्षिक सामग्री | अभ्यास पुस्तिकाको क्रियाकलाप |
|---|---|---|---|---|---|---|---|---|
| १ | पठनबोध | | | | | | | |
| २ | शब्दभण्डार | | | | | | | |
| ३ | लेखाइ | | | | | | | |
| ४ | कार्यमूलक व्याकरण | | | | | | | |

- सहभागीको समूहगत कार्यलाई प्रस्तुत गर्न लगाउनुहोस् ।
- समूहको प्रस्तुतिलाई समेट्दै पठनबोध, शब्दभण्डार, लेखाइ र कार्यमूलक व्याकरणका लागि शैक्षणिक क्रियाकलाप, उपयुक्त शैक्षणिक विधि, सामग्री निर्माण तथा प्रयोगको बारेमा पावरप्वाइन्ट प्रस्तुतिका आधारमा स्पष्ट पारिदिनुहोस् ।

### क्रियाकलाप ३ : निर्धारित भाषिक तत्त्वका नमुना शिक्षण अभ्यास ३५ मिनेट

- सहजकर्ताले पठनबोध, शब्दभण्डार, लेखाइ र कार्यमूलक व्याकरणको छोटो (कुनै एक तत्त्वलाई करिब ३–५ मिनेट) नमुना शिक्षण प्रस्तुत गर्नुहोस् ।
- क्रियाकलाप २ मा विभाजित समूहलाई आआफ्नो समूहमा परेको तत्त्वका आधारमा आफ्नै समूहमा शिक्षण अभ्यास गर्न लगाउनुहोस् ।
- प्रत्येक समूहमा सहजकर्ताले अवलोकन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।
- अन्त्यमा समूहगत अभ्यासका आधारमा सबल र सुधार गर्नुपर्ने पक्षलाई थप स्पष्ट गरी आफ्नो निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

## ६. प्रतिबिम्बन ५ मिनेट

(क) शब्दभण्डार शिक्षणका कुनै ३ कार्यकलाप भन्नुहोस् ?

(ख) लेखाइ शिक्षणका क्रममा केकस्ता सामग्री प्रयोग गर्न सकिन्छ ?

# नमुना पाठ प्रस्तुति र शिक्षण अभ्यास

| दिन : तेस्रो | सत्र : पहिलो, दोस्रो र तेस्रो | समय : ४ घण्टा ३० मिनेट |
|---|---|---|

## १. परिचय

तालिमबाट भएको सिकाइ कक्षाकोठामा पुग्ने कुराको सुनिश्चित गर्नका लागि प्रशिक्षार्थीहरूको समूहमा नै रहेर गरिने शिक्षण सूक्ष्म शिक्षण हो । सूक्ष्म शिक्षण नियन्त्रित र सुरक्षित वातावरणमा गरिने अभ्यास हो । यस्तो कार्यको उद्देश्य अभ्यास गरी सिपमा विकास गर्नु हो । यो त्यस्तो शिक्षण प्रविधि हो जसले नवप्रवेशी र अनुभवी दुवै शिक्षकलाई आफ्नो शिक्षणमा सुधार गर्ने मौका प्रदान गर्दछ । सूक्ष्म शिक्षण धेरै ठाउँमा उपयोग गर्न पनि सकिन्छ । यस्तो कार्यमा शिक्षण सिकाइ क्रियाकलापको समाप्तिपछि पृष्ठपोषण दिइन्छ । एउटा पाठ शिक्षण गर्दा नेपाली विषय र अन्य विषयका साझा सिकाइ क्षेत्रका आधारमा शिक्षण गर्ने कार्यलाई यहाँ एकीकृत शिक्षण भनिएको हो । त्यसरी शिक्षण गर्न शिक्षकलाई सक्षम बनाउनका लागि यो खण्डमा एकीकृत र पठन तत्त्वहरूको आधारमा शिक्षण गर्ने अभ्यास कार्य समावेश गरिएको हो ।

## २. उद्देश्य

(क) भाषिक तत्त्वगत क्रियाकलापहरूको नमुना पाठ प्रस्तुति र शिक्षण अभ्यास गर्न

(ख) एकआपसमा पृष्ठपोषण आदानप्रदान गर्न

## ३. सामग्री

- पाठ्यक्रम, विद्यार्थी कार्यपुस्तक, शिक्षक निर्देशिका
- पाठयोजनाको नमुना

## ४. मुख्य विषयवस्तु

(क) भाषिक तत्त्वगत नमुना प्रस्तुति (सहजकर्ताबाट)

(ख) सूक्ष्म शिक्षण (सहभागीलाई)

(ग) पृष्ठपोषण

## ५. सहजीकरण क्रियाकलापहरू

### क्रियाकलाप १ : भाषिक तत्त्वगत शिक्षणको नमुना प्रस्तुति (सहजकर्ताबाट) — ९० मिनेट

- सहजकर्ताले भाषिक तत्त्व र अन्य विषयको साझा सिकाइका क्षेत्र पहिचान गरी तयार गरेको पाठयोजना प्रस्तुत गर्नुहोस् ।

- कक्षा १ देखि ३ मध्ये कुनै एउटा कक्षाको कुनै एउटा नमुना पाठयोजनाबमोजिम ४० मिनेटको नमुना शिक्षण गर्नुहोस् ।
- शिक्षणपछि सहभागीबाट पृष्ठपोषण माग गर्नुहोस् र राम्रा तथा सुधारका पक्षबारे छलफल गर्नुहोस् ।

### क्रियाकलाप २ : सूक्ष्म शिक्षण (सहभागीलाई) १७० मिनेट

- प्रत्येक सहभागीलाई कक्षा १ देखि ३ मध्ये कुनै एउटा कक्षाको कुनै थिमको पाठअनुसार (२-३ तत्त्व समेटी) एउटा सहजीकरण योजना तयार गर्न लगाउनुहोस् । सहजीकरण योजानाअनुसारको सामग्री समेत निर्माण/सङ्कलन गर्न लगाउनुहोस् । २५ मिनेट
- जोडीमा एकअर्कालाई सूक्ष्म शिक्षण गर्न लगाउनुहोस् । जोडी शिक्षणका क्रममा सहजकर्ताले सबै समूहको अवलोकन गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।
  (१० मिनेट सूक्ष्म शिक्षण र ५ मिनेट पृष्ठपोषण गरी जम्मा ३० शिक्षण)
- सहभागीलाई पुनः चार जनाको समूहमा विभाजन गरी हरेक समूहबाट एक जनालाई एकैपटक सूक्ष्म शिक्षण अभ्यास गर्न लगाउनुहोस् । सूक्ष्म शिक्षण गर्नेबाहेकका बाँकी सदस्यलाई पृष्पपोषण प्रदान गर्न लगाउनुहोस् । सूक्ष्म शिक्षणका क्रममा सहजकर्ताले सबै समूहको अवलोकन गरी पृष्ठपोषण प्रदान गर्नुहोस् । १५ मिनेट
- हरेक सहभागीलाई सूक्ष्म शिक्षणको अभ्यासबाट प्राप्त पृष्ठपोषणका आधारमा पुनः आफ्नो सहजीकरण योजना सुधार गर्न लगाउनुहोस् । १० मिनेट
- गोलाप्रथाबाट कुनै दुई जना सहभागी छनोट गरी परिमार्जित सहजीकरण योजनाका आधारमा पूरै समूहमा शिक्षण गर्न लगाउनुहोस् । कुनै तीन सहभागीलाई पृष्ठपोषण फाराम दिई पृष्ठपोषणका बुँदाहरू टिपोट गर्न लगाउनुहोस् । (३० मिनेट शिक्षण १० मिनेट पृष्ठपोषण गरी जम्मा ८० मिनेट)
- सहजकर्ताले निष्कर्षसहित शिक्षणको पृष्ठपोषण प्रदान गर्नुहोस् । १० मिनेट

## ६. प्रतिबिम्बन १० मिनेट

सहभागीलाई निम्नलिखित पक्षमा केन्द्रित भई प्रतिबिम्बन गर्न भन्नुहोस् :

(क) तालिम सञ्चालनका क्रममा शिक्षण अभ्यास गराउन यो सूक्ष्म शिक्षण अभ्यासले कसरी सहयोग पुऱ्याउँछ ?

(ख) नमुना शिक्षण गर्दा प्राप्त पृष्ठपोषणलाई कसरी उपयोग गर्नुहुन्छ ?

# Common Themes and Learning Outcomes

| Day: Four | Session: First | Time: 1 hrs. 30 min. |
|---|---|---|

## Introduction

English subject is one of the core subjects in school education. Teaching English subject includes four skills (listening, speaking, reading and writing) and four aspects (grammar, vocabulary, pronunciation and language function). The overall goal of teaching English to the 1-3 Graders is 'to develop basic English language knowledge that supports and promotes their academic and communicative exchanges'. Teaching English should fall within one or another category mentioned above. According to the Basic Level Curriculum (Grade 1-3) developed by Curriculum Development Centre (CDC), there are main four subjects in Grade 1-3. They are; English, Nepali, Mathematics and Our Surrounding. There are some themes that English subject shares with three subjects, with two subjects and with one subject, respectively. There are also some themes that are English subject specific. In this session, we will discuss and learn about the thematic integration in different subjects and common learning outcomes from the perspective of English subject.

## Objective

- In this session, participants will be expected to understand and demonstrate knowledge of the following:
- Categorize themes that English subject shares with other subjects in Grade 1-3.
- Find out the English subject-specific themes.
- Generate the common learning outcomes from common themes.

## Materials

- Basic Level Curriculum (Grade 1-3)
- Worksheet
- Answer sheet

- Slides
- Meta cards
- Board marker
- News print
- Cardboard paper
- A4 size paper

## Major Content

- Components/elements/ingredients/building blocks of English language
- Core subjects in Grade 1-3
- Common themes
- Common learning outcomes
- Dynamic relationship between learning outcomes and themes

## Facilitation Procedure

### Activity 1: Scene setting — 5 Minutes

- Give a brief overview of the course.
- Present the following statements to the participants and elicit their answers to the question given at the last.

  – I am made up of 11 letters.

  – I communicate the message of joining, linking, connecting, etc.

  – I am a catchword in today's pedagogy and learning.

  – I am necessary for holistic learning.

  – Who am I?
- Collect their answers. If any one of them or all of them give correct answer, appreciate them. If they find it difficult to guess, support them to guess the answer.
- The answer is 'INTEGRATION'.

### Activity 2: Charting route for the destination-Expectation collection — 5 Minutes

- Distribute meta-cards to each individual participant. Ask them to write at least one point about what they expect from the session.
- After each participant finishes their task, ask them to present one by one. Write down their ideas on the board.
- Addressing their ideas, give brief overview of the session and tell participants about their roles and responsibilities.

### Activity 3: Elements of English language — 10 Minutes

- Ask participants the question 'what do you teach in English subject?' Move around the room/class, reach each participant and try to get their views and experiences.
- Conclude the discussion with the idea that English subject teaching includes four language skills (listening, speaking, reading and writing) and four language aspects (grammar, vocabulary, pronunciation and language function).

### Activity 4: Themes that English subject shares with other subjects — 25 Minutes

- Divide participants into four groups and distribute a copy of Basic Level Curriculum (Grade 1-3) to each group. Assign the following task to the groups:

| |
|---|
| Group A : Themes English subject shares with three subjects |
| Group B : Themes English subject shares with two subjects |
| Group C : Themes English subject shares with one subject |
| Group D : English subject-specific themes |

- Ask them to scan the information from page no. 35-83. Inform them that they have 15 minutes for this task.
- Provide them the following worksheet where they write their group's finding/ conclusion.

**Worksheet 1** ((Identifying overlaps and gaps)

| Subjects | Degree of Integration | | | English subject specific themes |
|---|---|---|---|---|
| | Themes English subject shares with all three subjects | Themes English subject shares with two subjects | Themes English subject shares with one subject | |
| Nepali, Maths and Our Surrounding | | | | |
| Nepali and Our Surrounding | | | | |
| Nepali | | | | |
| English subject only | | | | |

- When they finish their assigned tasks, provide them opportunity to present. Ask one member of each group to present their group finding/conclusion.
- Conclude the discussion with your presentation.

### Activity 5: Exploring common learning outcomes 20 Minutes


- Divide participants into four groups. Distribute the following relationship chart to each group. Ask them to consult Basic Level Curriculum (Grade 1-3) and write the learning outcomes of the given theme- Me and My Family.

  - Group A: English

  - Group B: Nepali

  - Group C: Mathematics

  - Group D: Our Surrounding




*Relationship chart*

- When each group finishes their assigned task, ask one member of each group to present. After the presentation, elicit their idea "Is there any commonality in the learning outcomes of different subjects ?"
- Get their viewpoint and give your viewpoint too.

## Activity 6: Dynamic relationship between themes and learning outcomes 20 Minutes

- Ask participants the following questions.
  - Which one do you think comes first- theme or learning outcomes in the process of curriculum development?
  - What relationship do you see between theme and learning outcome?
  - What is the role of theme in integrated pedagogy and learning?

- Get participants' ideas, encourage and enable them to explore the dynamic relationship between theme and learning outcomes.

- Present the following figure and ask them to interpret the relationship between theme and learning outcomes.





*Figure: Dynamic relationship between theme and learning outcome*

- Collect their views and experiences. Try to elicit their creative views. Conclude the discussion with your opinion.

### Activity 7: Reflection — 5 Minutes

- Select participants randomly and ask them the following questions.

- How many themes are there in Basic Level Curriculum (Grade 1-3) that English subject shares with other three subjects- Nepali, Mathematics and Our Surrounding?

- How do we deal with themes in integrated teaching and learning?

- How many themes are there in Basic Level Curriculum (Grade 1-3) are specific to English subject?

# English Curriculum, Student Work Book and TG

| Day: Four | Session: Second | Time: 1 hrs. 30 min. |
|---|---|---|

## Introduction

Curriculum is core document of pedagogy and learning in school education. It sketches a comprehensive roaemap of what to teach, how to teach, when to teach, with what supporting materials and how to assess the learning process of students. It is the student workbook that creates rich and robust context for the curriculum contents. By principle, student workbook is developed for students. It is, therefore, every individual student must have workbook. Similarly, Teacher Guide (TG) is helping document to the teacher. TG provides useful pedagogical processes to the teacher. Moreover, it becomes lifesaver document to the beginner teacher. These three documents have intimate relationship. Teaching material lubricates the pedagogy and learning process. In this session, English curriculum (Grade 1-3), student workbook, TG and relevant teaching materials will be discussed.

## Objective

- In this session, participants will be expected to understand and demonstrate knowledge of the following.
- Extract the main features, structure of curriculum and student workbook
- Familiarize themselves with workbook (Grade 1-3)
- Explore the linkage of curriculum, workbook and TG
- Explain the classroom procedures of the use of some teaching materials.

## Materials

- English curriculum (1-3)
- Student workbook (1-3)
- Teacher Guide (TG)
- Family chart

- Pin wheel chart
- Worksheet
- Cardboard paper
- Board marker
- Meta-cards

## Major content

- Structure of English curriculum (1-3)
- Features of English curriculum based on eleven themes.
- Workbook features and principles
- Workbook principles
- Integration of soft skills
- Material integration

### Facilitation procedure

**Activity 1: Brainstorming** 5 Minutes

- Distribute meta-card to each participant and ask him or her to write their opinion on the following questions:
- What are the core documents of pedagogy and learning in school education system?
- What relationship do you see among curriculum, student workbook and TG?
- What is the role of material in integrated teaching and learning?
- Ask them to present their views and experiences.
- Highlight the session objectives and tell about their roles and responsibilities.

**Activity 2: Group work: Structure of English curriculum** 25 Minutes

- Divide participants into five groups. Provide Basic Level Curriculum (Grade 1-3) to each group. Ask them to read only English curriculum. Assign the following tasks to the groups.

  – Group A: Competencies for Grade 1-3

  – Group B: Learning Outcomes

– Group C: Scope and Sequence

– Group D: Evaluation Procedure

– Group E: Overall Features

- Provide them the following worksheet. Ask them to write the main gist in the concerned headings. Group is not required to write every detail from curriculum.

| S. N. | Competencies | Learning Outcomes | Scope and sequence | Evaluation procedure | Overall features |
|---|---|---|---|---|---|
| 1 | | | | | |

- When the groups finish their assigned task, ask one member from each group to present their group's finding.
- Addressing all groups' presentation, conclude the whole discussion with your idea about the structure of English curriculum.

**Activity 3: Carousel approach- workbook features and principles** 20 Minutes

- Divide participants into three groups. Distribute them Grade 1-3 student workbook of English.
  – Group A: Grade One
  – Group B: Grade Two
  – Group C: Grade Three
- Ask them to go through the workbook. Inform them that they should focus on two aspects: features and principles of language learning.
- Provide cardboard paper to each group. Ask them to write main points under two headings- features and principles of language learning. Move around the class and monitor their participation as well as provide them support if they need.
- When they complete their task, ask them to pass their paper/cardboard paper to the group sitting to their next. Tell them to read what other groups have written. Ask them to write some of the new points that they find in their reading. Keep on passing the paper until each group gets chance to read every other groups' ideas.
- Conclude the activity with your presentation.

**Activity 4: Observation, reading and extraction- Teacher Guide** 15 Minutes

- Divide participants into five groups and provide them TG of Grade 1. Ask them to go through the TG and find out the information in the following headings:
  – Content of TG
  – Focus of TG
  – Main features of TG
  – Pattern of TG
- After the groups complete the assigned task, ask one member of each group to make a presentation.
- Involve the participants in whole group discussion. Give your final thought and conclude the discussion.

**Activity 5: Plenary discussion- curriculum, workbook, TG and materials** 20 Minutes

- Maintain the five groups formed for the activity four. Ask each group to select one leader. Call group leaders at the front. Arrange five chairs there. Ask them to sit on the chair.
- Give them oral instruction about the plenary discussion. Group members who are in their original place/group can ask questions to the leaders about the content like curriculum, student workbook, TG, materials and their linkage.
- Provide ample opportunity to each group member as far as possible. Encourage and enable panelists to answer questions and issues being raised.
- Finally, give your viewpoint about the linkage among the curriculum, student workbook, TG and materials.

**Activity 6: Hot chair game- reflection** 5 Minutes

- Arrange one chair in front of the class/hall. Randomly, select one participant and ask him/her to come in the front and sit on the chair.
- Tell to the rest of the class that they have to ask as many questions as possible to the person who sits on the chair. Questions must be asked from the discussion made during the real session. If s/he gives satisfactory answer to the questions being asked, s/he can remain on the chair. Otherwise, s/he must immediately leave the chair.
- Continue this process with other interested participants too.

# Designing a Lesson Plan, Demonstration of a Model English Lesson, Practice Teaching, and Feedback Sharing

| Day: Four/five | Session: 3-5 | Time: 4 hrs. 30 min. |
|---|---|---|

## Introduction

The Integrated Curriculum (Grade 1-3) developed by Curriculum Development Centre is based on certain themes. Four different subjects English, Nepali, Mathematics, and Our surrounding have been threaded by several soft skills. An English lesson integrates all four language skills: listening, speaking, reading, and writing. In addition, grade appropriate vocabulary and language functions have been included in the lesson. Teachers can use the Teacher's Guide developed by Curriculum Development Centre as a reliable document while designing a lesson. The Teacher's Guide contains a list of objectives, teaching learning activities, and teaching materials required for each lesson. However, teachers need not be confined to the activities suggested by the teacher's guide. There is still a room for their creativity and innovation during a lesson to make English language teaching child friendly and joyful.

The teaching and learning of English in early grades is different from teaching English in higher grades. Knowledge about the learners' language background, language input, available resources, language learning procedure, classroom management, and progress monitoring are important to a language teacher dealing with young learners. These sessions intend to provide the teachers with some basic guidelines for teaching English language in early grades. Practice teaching and feedback sharing are the essential components in a teacher training program. Practice teaching develops the confidence of trainee teachers and helps to transfer the teaching skills learnt during the training into the classroom.

During these three sessions, the participants will observe a model lesson plan designed for grade 1 followed by an hour-long model lesson presented by the trainer. Later, the participants will share their observation and feedback on the model lesson. Finally, they will practice designing some teaching learning activities in a group and perform microteaching applying the knowledge and skills learnt from the model lesson.

## Objective

- By the end of these sessions, the participants will be able to:
- Design a daily lesson plan to teach English in grade 1 based on integrated curriculum
- Teach an integrated lesson based on the designed lesson plan
- Provide feedback to each other on the lessons presented

## Materials

- Teacher's Guide (Grade 1, 2, 3)
- My English, Book (Grade 1, 2, 3)
- Handout I (A sample lesson plan)
- Handout II (Content from Page 290 to 294, Teacher's Guide, Grade 1)

## Major Content

- A daily lesson plan
- Model lesson
- Teaching learning activities
- Teaching practice
- Feedback sharing

### Facilitation Procedure

**Activity 1: Brainstorming** 5 Minutes

- Begin the session with a rhyme "Brush, Brush, Brush, your teeth" and ask the participants to guess the lesson they are going to discuss in this session.

**Activity 2: Lesson plan demonstration** 25 Minutes

- Ask the participants orally to name the elements of a lesson plan.
- Distribute a handout containing a sample lesson plan based on any one of the lessons from grade 1/2/3.
- Let the participants study the lesson plan for 5 minutes.
- Ask them to notice the similarities and differences between the activities mentioned in the plan and the activities suggested in the teacher's guide to teach the same lesson.

- Explain how the contents in the lesson have been linked with a common theme included in other subjects in grade 1 with the help of the following diagram:




**Activity 3: Model lesson demonstration** 60 Minutes

- Inform the participants to observe a model lesson that you will be presenting and ask them to act as Grade 1 students.

| **Expected Roles** |
|---|
| Facilitator- Presenter |
| Participants- Observers and Grade 1 Students |

- Present an hour-long model lesson based on the lesson presented and discussed with the participants earlier in this session.

### Activity 4: Reflection on model lesson — 20 Minutes

- Let the participants share their observation notes and feedback on the model lesson that you presented.
- Elicit their ideas about what other new activities and materials could have been introduced to make this lesson more effective.

### Activity 5: Planning and preparation of a lesson — 30 Minutes

- Divide the participants into four groups: A, B, C, and D.
- Ask all the groups to prepare one lesson plan from My English Book 1, 2 or 3 to teach for 20 minutes.
- Each group will design a lesson and prepare/collect the materials required to teach the lesson.

### Activity 6: Practice teaching

(20 Minutes presentation+10 Minutes feedback for 4 groups = 120 Minutes)

- Each group selects one member to teach the lesson and presents the lesson in turn while other three groups observe the lesson presented.
- After each group presents the lesson, the presenter reflects on his/her presentation.
- Then the other three (observer) groups share their opinions about the lesson presented and provide feedback to the presenter group in turn.

## Reflection — 10 Minutes

- Conclude the session with a discussion based on the following guiding questions:
- What are the key materials and activities used during the sessions?
- Which soft skills have been incorporated in these lessons
- What are the common areas of integration among English and other subjects in these lessons?

# कक्षाकोठा व्यवस्थापन

| दिन : पाँच | सत्र : तेस्रो | समय : १ घण्टा ३० मिनेट |
|---|---|---|

## १. परिचय

कक्षाकोठालाई समय, स्रोत, साधन, क्षेत्रफल, विद्यार्थीको व्यवहार आदि सबैका दृष्टिले उचित व्यवस्थापन गर्ने कार्य नै कक्षाकोठा व्यवस्थापन हो जसले शिक्षण सिकाइ क्रियाकलापलाई बालमैत्री र समावेशी बनाउन मद्दत गर्छ । कक्षाकोठा व्यवस्थापनभित्र विशेष गरी कक्षाकोठाको भौतिक व्यवस्थापन, शैक्षिक सामग्रीको व्यवस्थापन, विद्यार्थीको बसाइ व्यवस्थापनलगायत अन्य पक्षहरूको व्यवस्थापन (जस्तै : सन्दर्भ सामग्री तथा कक्षा पुस्तकालयको व्यवस्थापन, छापामय वातावरण निर्माण) जस्ता कार्यहरू पर्छन् । कक्षाकोठा व्यवस्थापन उचित ढङ्गले गर्न र आवश्यक सबै पक्षलाई समावेश गर्न सकिएमा सिकाइअनुकूल वातावरण सिर्जना भई सिकाइ उपलब्धि हासिल गराउन सहज हुन्छ ।

कलिलो उमेरका साना बालबालिकाहरूले पढ्ने कक्षाकोठा रमाइलो हुनुपर्छ । कक्षाकोठा सफासुग्घर, उज्यालो र हावा खेल्ने हुनुपर्छ । कक्षाकोठामा बालबालिकाको उमेर सुहाउँदो आरामदायी फर्निचरसहित उपयुक्त बसाइ व्यवस्था हुन आवश्यक छ । कक्षाकोठामा सान्दर्भिक शैक्षिक सामग्रीहरू र अन्य सिकाइ सामग्रीहरू विद्यार्थीको पहुँचमा हुनुपर्छ । शिक्षकले बालबालिकाहरूलाई माया ममता र सम्मानका साथ सिक्ने वातावरण सिर्जना गरिदिनुपर्छ । यसैगरी खेलका माध्यमबाट सिक्ने अवसर पाउँदा बालबालिकाको सिकाइ दिगो हुन्छ । शिक्षकले बालबालिकाका असल व्यवहारलाई प्रोत्साहित गर्ने र उनीहरूका अनपेक्षित व्यवहारका विषयमा बालबालिकासँगै बसी कुराकानी गर्ने गर्नाले उनीहरूमा असल व्यवहार विकास हुँदै जान्छ ।

कक्षाकोठाको उचित व्यवस्थापनले शिक्षक विद्यार्थीबिच असल शैक्षिक सम्बन्ध विकास गरी, विद्यार्थीलाई सिकाइप्रति आकर्षित गर्न सहयोग गर्दछ । सिकाइका लागि सहज वातावरण सिर्जना गर्ने र सिकाइ प्रभावकारी बनाउने काम कक्षाकोठा व्यवस्थापनले गर्छ । तसर्थ प्रारम्भिक कक्षा पढाइ कार्यक्रममा कक्षा १–३ को पठन सिप विकासका साथै प्रभावकारी शिक्षणका लागि कक्षाकोठा व्यवस्थापनलाई अनिवार्य तत्त्व मानिएको छ । यस सत्रमा कक्षाकोठा व्यवस्थापनभित्र भौतिक पक्ष, शिक्षण तथा सिकाइ पक्ष शैक्षिक सामग्री व्यवस्थापन पक्ष, शिक्षणमा विविधता व्यवस्थापनलगायत कक्षा पुस्तकालय व्यवस्थापन तथा प्रयोगका तरिकाहरूको बारेमा छलफल गरिने छ । यस सेसनमा बालमैत्री कक्षाकोठा व्यवस्थापनको अर्थ, शिक्षकले बालमैत्री कक्षाकोठा व्यवस्थापनमा ध्यान दिनुपर्ने कुराहरू, सकारात्मक संवेगात्मक वातावरण, सामग्री तथा शैक्षणिक व्यवस्थापन र कक्षाकोठा पुस्तकालयको उचित व्यवस्थापन तथा उपयोग गर्न तयार पार्ने तरिकाहरूका बारेमा चर्चा गरिने छ ।

## २. उद्देश्य

(क) बालमैत्री कक्षाकोठा व्यवस्थापनको अर्थ तथा महत्त्व बताउन

(ख) बालमैत्री कक्षाकोठा व्यवस्थापनका विविध पक्षहरूको सूची बनाउन

(ग) बालमैत्री कक्षाकोठा व्यवस्थापनका रचनात्मक तरिकाहरू पहिल्याउन

(घ) कक्षाकोठामा सामग्री तथा शैक्षणिक व्यवस्थापन तरिका बताउन

(ङ) छापामय कक्षाकोठाको महत्त्व बताउन र प्रयोग गर्न

(च) पढाइ सिप विकासका लागि कक्षाकोठा पुस्तकालयको उचित व्यवस्थापन तथा उपयोग गर्न

## ३. सामग्री

बालगीतको चार्ट, बालमैत्री कक्षाकोठाको चित्र, कक्षाकोठा पुस्तकालयमा उपयोगी सामग्री, कक्षाकोठा व्यवस्थापनका पक्षहरू लेखिएको चार्ट आदि ।

## ४. विषयवस्तु

१. कक्षाकोठा व्यवस्थापनको अवधारणा

२. भौतिक व्यवस्थापन (आकार, प्रकार, तापक्रम, हावा, प्रकाश, बसाइ व्यवस्थापन, स्रोतपूर्ण कक्षाकोठा छापामय कक्षाकोठा, व्यवस्थापन)

३. कक्षाकोठामा शैक्षणिक सामग्रीको व्यवस्थापन (शैक्षिक सामग्री, सन्दर्भ सामग्री वा कक्षा पुस्तकालय) का तरिकाहरू

४. शैक्षणिक व्यवस्थापन (शिक्षक र विद्यार्थी सम्बन्ध, विद्यार्थीको स्तरअनुरूप सिकाइ प्रबन्ध)

५. छापामय कक्षाकोठाको व्यवस्थापन (छापायुक्त वातावरणको परिचय, क्षेत्र, विकास ध्यान दिनुपर्ने पक्ष र महत्त्व)

६. कक्षाकोठा शिक्षणमा विविधता व्यवस्थापन (चिनारी गर्ने तरिका र शिक्षण)

७. पढाइ सिप विकासका लागि कक्षा पुस्तकालयको उचित व्यवस्थापन तथा उपयोग

## ५. सहजीकरण क्रियाकलापहरू

### क्रियाकलाप १ : वार्म अप

(क) सहभागीहरूमध्येबाट एकजनालाई एउटा बालगीत गाउन लगाउने । उक्त गीत गाउँदा गोलो घेरा बनाएर उभिएर सबै सहभागीहरूले एकैसाथ गाउने ।

(ख) सहजकर्ताले पनि बालमैत्री विद्यालय वा कक्षासँग सम्बन्धित एउटा बालगीत गाउने । त्यसपछि गोलो घेरामा उभिएर सँगसँगै सबै सहभागीहरूलाई पनि गाउन लगाउने ।

(ग) सहभागीलाई तालिम हलको राम्रोसँग अवलोकन गर्न लगाउनुहोस् । अवलोकनका क्रममा तालिम हलको भौतिक व्यवस्थापन, तालिमसँग आवश्यक सामग्रीको अवस्था र तालिमप्रति आफू र सहभागी साथीहरूको रूचि जस्ता पक्ष बुँदागत रूपमा टिपोट गरी भन्न लगाउनुहोस् र सहजकर्ताले त्यसलाई कक्षाकोठा व्यवस्थापनसँग जोडेर बताइदिनुहोस् । १५ मिनेट

## क्रियाकलाप २ : मस्तिष्क मन्थन

(क) सहजकर्ताले कक्षाकोठा व्यवस्थापनसँग जोडेर बताइदिनुहोस् । सहभागीहरूलाई बालमैत्री कक्षाकोठा व्यवस्थापन भनेको के हो भनी प्रश्न सोध्ने । प्रश्न बुझेको सुनिश्चित गर्ने । उत्तरका विषयमा सोच्न लगाउने । सोचेको कुरा कापीमा लेख्न लगाउने । पालैपालो भन्न लगाउने । सहभागीले भनेका कुराहरूलाई सहजकर्ताले बुँदागत रूपमा बोर्डमा लेख्दै जाने । सहभागीहरूलाई छुट भएका बुँदाहरू थप गर्न भन्ने । छलफल गर्दै सहभागीहरूका उत्तरलाई वर्गीकरण गर्ने । अन्त्यमा सहजकर्ताले बालमैत्री कक्षाकोठा व्यवस्थापनको अवधारणा र यसको उद्देश्यका बारेमा निचोड प्रस्तुत गर्ने । (१५ मिनेट)

(ख) सहजकर्ताले नमुना बालमैत्री कक्षाकोठाको चित्रसमेत प्रस्तुत गरी छलफल गराउने । सहभागी शिक्षकहरूको आआफ्नो विद्यालयको प्रारम्भिक कक्षाकोठाको व्यवस्थापनको अवस्था कस्तो छ ? कसरी कक्षाकोठा व्यवस्थापन गरिएको छ ? आदि विषयमा अनुभव आदानप्रदानसमेत गर्न लगाउने ।

## क्रियाकलाप ३ : प्रश्नोत्तर

(क) सहभागीहरूलाई बालमैत्री कक्षाकोठा व्यवस्थापनका पक्षहरू केके हुन् भनी प्रश्न सोध्ने । सबै सहभागीले प्रश्न बुझेको सुनिश्चित गर्ने । प्रश्नको उत्तर पहिल्याउन २ मिनेट समय दिने । उत्तरलाई आ–आफ्नो कापीमा लेख्न लगाउने । कुनै सहभागीलाई नाम बोलाएर प्रश्नको उत्तर भन्न लगाउने । सहभागीले प्रस्तुत गरेको उत्तरमा थपघट गर्नुपर्ने भए अर्को सहभागीलाई भन्ने । यसैगरी अरू केही सहभागीहरूलाई पनि पालैपालो उत्तर भन्न लगाउने र ती उत्तरमा अरूको के भनाइ छ सो समेत भन्न मौका दिने । छलफल गराउने ।

(ख) अन्त्यमा सहजकर्ताले सहभागीहरूबाट प्रस्तुत विचारहरूलाई समेटेर बालमैत्री कक्षाकोठा व्यवस्थापनका पक्षहरूसहितको चार्ट प्रस्तुत गरी निचोड दिने ।

(ग) सहभागीहरूलाई आआफ्नो विद्यालयमा बालमैत्री कक्षाकोठा व्यवस्थापनका पक्षहरूको अवस्थाका बारेमा अनुभव आदानप्रदान गर्न लगाउने ।

## क्रियाकलाप ४ : विन्डो क्रियाकलाप

(क) सहभागीहरूलाई ४ समूहमा विभाजित हुन भन्ने ।समूहगत रूपमा बालमैत्री कक्षाकोठा व्यवस्थापनसम्बन्धी देहायका विषयवस्तुमा समूह कार्य गर्न लगाउने । समूह कार्यको निचोडलाई न्युजप्रिन्ट पेपरमा तयार गर्न लगाउने ।

सगरमाथा समूह : कक्षाकोठालाई बालमैत्री बनाउन भौतिक पक्षको व्यवस्थापन कसरी गर्ने ?

माछापुच्छ्रे समूह : कक्षाकोठालाई बालमैत्री बनाउन शैक्षिक सामग्री सहतिको छापामय कक्षाकोठा कसरी निर्माण गर्ने ?

अन्नपूर्ण समूह : कक्षाकोठामा शिक्षकले बालमैत्री सिकाइ वातावरण कसरी सिर्जना गर्ने ?

धौलागिरी समूह : कक्षाकोठामा शिक्षकले बालबालिकाको स्वस्थ व्यवहार विकासका लागि के गर्ने ?

(ख) सहभागीहरूबाट समूह कार्य भइरहँदा समूहका सबै सदस्यको अर्थपूर्ण सहभागिता भएको सुनिश्चित गर्ने । प्रत्येक समूहले तयार गरेको समूह कार्यको प्रतिवेदन भित्तामा टाँस्न लगाउने । अब प्रत्येक समूहका सदस्यहरूले व्यवस्थित रूपमा घडीको सुई घुम्ने दिशामा घुम्दै पालैपालो प्रत्येक समूहको प्रतिवेदन राम्रोसँग पढी छुट भएका बुँदाहरू थप गर्ने । सहजकर्ताले सबै समूहले सबै समूहको प्रतिवेदन पढेको र पृष्ठपोषण दिएको वा छुट बुँदाहरू थप गरेको सुनिश्चित गर्ने ।

(ग) सहजकर्ताले विन्डो क्रियाकलापपश्चात् सहभागीहरूका विचारलाई समेट्दै देहायका बुँदाहरूमा चार्टमा प्रस्तुत गरी छलफलसमेत गराउने र निचोडमा पुग्न सहयोग गर्ने ।

## ६. प्रतिबिम्बन ५ मिनेट

सहभागीलाई तलका निम्नअनुसारको प्रश्नमा प्रतिबिम्बन गर्न भन्नुहोस् ।

१. सहभागीलाई पालो पालो यस सत्रमा सिकेका कुरा नदोहोरिने गरी बताउन लगाउनुहोस् ।

२. कक्षा पुस्तकालय व्यवस्थित गर्न के के कुरामा ध्यान पुऱ्याउनुपर्छ ?

# मेरो गणित विषय पाठ्यक्रम र अन्य विषयको साझा सिकाइ र विषयवस्तु

| दिन : छ | सत्र : एक | समय : १ घण्टा ३० मिनेट |
|---|---|---|

## १. परिचय

हाल राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार एकीकृत रूपमा सिकाइ क्रियाकलाप सञ्चालनार्थ आधारभूत तह (कक्षा १-३) को एकीकृत पाठ्यक्रम निर्माण गरीएको छ । गणितलाई विषयगत रूपमा भन्दा अन्य विषयहरूसँग सम्बन्धित गराएर शिक्षण गर्न सकेको खण्डमा मात्र यसलाई ब्यबहारिक बनाउन सकिन्छ । गणितका विषयवस्तुहरूलाई अन्य विषयहरूसँग एकिकरण गराएर शिक्षण गराउनु उपयुक्त हुन्छ । त्यसैले गणितलाई अन्तर विषयक र बहुविषयक थिमहरूमा गणितका विषयवस्तुहरू समावेश गरी पाठ्यक्रम तयार गरिएको छ । तसर्थ, एकीकृत पाठ्यक्रम र यसका अन्य विषयसँगको साझा सिकाइ र विषयवस्तुहरूका बारेमा अभिमुखिकरण हुनु आवश्यक हुन्छ । त्यसैले, गणित विषयक्षेत्रको पाठ्यक्रमको परिचय, यसको स्थान तथा अन्य विषयहरूसँगको साझा सिकाइ र थिममा आधारित एकीकृत सिकाइ सहजीकरणका लागि यो सेसन तयार गरिएको छ ।

## २. उद्देश्य

यस सेसनको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

- आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७६ मा गणितको स्थान र प्रस्तुतीकरणको बारेमा बताउन
- मेरो गणित विषय र अन्य विषयसँगको साझा थिम, विषयवस्तुहरू तथा व्यवहारकुशल सिपहरू
- पहिचान गर्न

## ३. सामग्रीहरू

- पाठ्यक्रम, मार्कर, साइनपेन, न्युजप्रिन्ट पेपर, मेटाकार्ड, projecter आदि ।

## ४. मुख्य विषयवस्तु

- आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७६ मा गणितको स्थान र प्रस्तुति
- मेरो गणित विषय र अन्य विषयसँगको साझा थिम तथा विषयवस्तुहरू तथा व्यवहारकुशल सिपहरू

## ५. सहजीकरण क्रियाकलाप

### क्रियाकलाप १ १० मिनेट

- पाठ्यक्रम भन्नाले के बुझ्नुहुन्छ ? पाठ्यक्रममा कुन कुन तत्त्वहरू रहेका हुन्छन् ? सबैलाई छुट्टा छुट्टै लेख्न लगाउनुहोस् ।
- आफूले लेखेका विषयवस्तुहरूलाई सँगैको दाँयातिरको साथीसँग साटासाट गरी साझा धारणा तयार गर्न लगाउनुहोस् ।
- प्रत्येक जोडीलाई आफ्नो साझा धारणालाई कक्षामा पालैपालो नदोहोरीने गरी प्रस्तुत गर्न लगाउनुहोस् ।

### क्रियाकलाप २

- सहभागीहरूलाई ६ ओटा समूहमा विभाजन गरी निम्नानुसार कार्यहरू गर्न लगाउनुहोस् । ५ मिनेट
- पहिलो र चौथो समूहले कक्षा १ को दोस्रो र पाँचौ समूहले कक्षा २ को र तेस्रो र छैटौ समूहलाई कक्षा ३ को पाठ्यक्रमको अध्ययन गर्न लगाउनुहोस् ।
- पाठ्यक्रममा निम्न विषयवस्तुहरूका आधारमा छलफल गर्न लगाउनुहोस् । ३० मिनेट

  (क) पाठ्यक्रमा भएका बहुविषयक थिमहरू के के रहेछन् ? र तिनीहरू कुन कुन विषयसँग एकीकृत भएका छन् ?

  (ख) पाठ्यक्रममा विषयगत थिमहरू के के छन् ?

  (ग) पाठ्यक्रममा समावेश गरिएका व्यवहारकुशल सिपहरू के के छन् ?
- समूहमा छलफल गरी समूहको साझा निष्कर्षलाई न्युज प्रिन्टमा तयार पार्न लगाउनुहोस् ।
- प्रत्येक समूहहरूको कार्यलाई पालैपालो कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । अन्य समूहबाट आवश्यक पृष्ठपोषण प्रदान गराउनुहोस् । ३० मिनेट
- अन्त्यमा सहजकर्ताले सबै समूहको छलफलको निचोडलाई powerpoint slide प्रस्तुति मार्फत अन्तर्क्रिया गराउँदै स्पष्ट पारिदिनुहोस् । १० मिनेट

## ५. प्रतिबिम्बन ५ मिनेट

आधारभूत तह कक्षा (१–३) पाठ्यक्रममा गणितको स्थान तथा अन्य पहिलेका पाठ्यक्रमभन्दा के कुराहरूमा फरक देखिन्छ ? सोचेर लेख्न लगाउनुहोस् ।

# शिक्षक निर्देशिका र विद्यार्थी पाठ्य तथा कार्यपुस्तकको परिचय र प्रयोग

| दिन : छ | सत्र : दुई | समय : १ घण्टा ३० मिनेट |
|---|---|---|

## १. परिचय

हाल राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार एकीकृत रूपमा सिकाइ क्रियाकलाप सञ्चालनार्थ आधारभूत तह (कक्षा १-३) को एकीकृत पाठ्यक्रम निर्माण गरी त्यसका आधारमा र विद्यार्थी पाठ्य तथा कार्यपुस्तक तयार गरिएको छ । नयाँ बनेको पाठ्यक्रम, र विद्यार्थी पाठ्य तथा कार्यपुस्तक तथा शिक्षक निर्देशिकाको प्रभावकारी प्रयोगका लागि अभिमुखिकरण हुनु आवश्यक हुन्छ । त्यसैले, गणित विषयक्षेत्रको पाठ्यक्रम, र विद्यार्थी पाठ्य तथा कार्यपुस्तक र शिक्षक निर्देशिकाको परिचय, संरचना तथा प्रयोग तथा थिममा आधारित एकीकृत सिकाइ सहजीकरणका लागि यो मार्गदर्शन तयार गरिएको छ ।

## २. उद्धेश्य

यस सेसनको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

- पाठ्यक्रम, शिक्षक निर्देशिका र विद्यार्थी पाठ्य तथा कार्यपाठ्य तथा कार्यपुस्तकको परिचय दिन ।
- पाठ्यक्रम, शिक्षक निर्देशिका र विद्यार्थी पाठ्य तथा कार्यपाठ्य तथा कार्यपुस्तकको प्रयोग गर्न ।

## ३. सामग्री

विद्यार्थी पाठ्य तथा कार्यपुस्तक, शिक्षक निर्देशिका, मार्कर, साइनपेन, न्युजप्रिन्ट पेपर, मेटाकार्ड, projecter, मेटाकार्ड आदि ।

## ४. मुख्य विषयवस्तु

पाठ्यक्रम, शिक्षक निर्देशिका र विद्यार्थी पाठ्य तथा कार्यपुस्तकको परिचय र प्रयोग

## ५. सहजीकरण

### क्रियाकलाप १ — १० मिनेट

- पाठ्य तथा कार्यपुस्तक भन्नाले के बुझ्नुहुन्छ र यसलाई के का आधारमा तयार गरिन्छ ?
- पाठ्यक्रम र पाठ्य तथा कार्यपुस्तकमा के फरक छ? प्रत्येकले २/२ वाक्यमा लेख्न लगाउनुहोस् ।
- आफ्नो धारणालाई प्रत्येक पालैपालो नदोहोरिने गरी प्रस्तुत गर्न लगाउनुहोस् ।

### क्रियाकलाप २

- सहभागीहरूलाई उपयुक्त समूहमा विभाजन गर्नुहोस् ।   ५ मिनेट
- प्रत्येक समूहलाई एक एक ओटा थिमहरू प्रदान गरी उक्त थिम निम्न आधारहरूमा

  (अ) परिचय

  (आ) संरचना र विशेषताहरू

  (इ) प्रयोग गर्ने तरिकाहरू

  (ई) पाठ्यक्रम तथा शिक्षक निर्देशिकामा तय गरिएका विभिन्न विधि तथा सामग्रीहरूमा आधारित भएर पाठ्यक्रम, विद्यार्थी पाठ्य तथा कार्यपुस्तक, र शिक्षक निर्देशिकाबिचमा के कस्तो सम्बन्ध छ खोज्न समूहको साझा धारणा तयार गर्न लगाउनुहोस् ।   ३० मिनेट

- समूहमा छलफल गरी समूहको साझा निष्कर्षलाई न्युज प्रिन्टमा तयार पार्नुहोस् ।   ५ मिनेट
- समूहको कार्यलाई प्रशिक्षण कक्षाका भित्तामा अलग अलग स्थानमा टाँस्न लगाउनुहोस् । ५ मिनेट
- प्रत्येक समूहले पालैपालो समूहगत रूपमा नै घुमेर अन्य समूहको प्रस्तुतिको अवलोकन गर्न लगाउनुहोस् ।   १५ मिनेट
- सबै समूहहरूले अवलोकन गरिसकेपछि पूरै कक्षामा छलफल गराइ समूहरूबिच आवश्यक पृष्ठपोषण आदानप्रदान गर्न लगाउनुहोस् ।   ५ मिनेट
- अन्त्यमा सहजकर्ताले सबै समूहको छलफलको निचोडलाई र अरू थप विषयवस्तुहरू समेत समेटेर slide प्रस्तुतिमार्फत अन्तर्क्रिया गराउँदै अझ स्पष्ट पारिदिनुहोस् ।   १० मिनेट

## ५. प्रतिबिम्बन   ५ मिनेट

एकीकृत पाठ्यक्रम (१–३), पाठ्य वा कार्यपुस्तक र शिक्षक निर्देशिकामा भएका नवीनतम ढाँचा तथा अन्य सम्बन्धहरू के के हुन् सुची तयार पार्नुहोस् ।

# एकीकृत पाठ्यक्रममा समावेश गरिएका विधिहरू, सामग्रीहरू तथा शिक्षण सिकाइ योजना निर्माण

| दिन : छ | सत्र : तीन | समय : १ घण्टा ३० मिनेट |
|---|---|---|

## १. परिचय

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ तथा आधारभूत तह (कक्षा १-३) को एकीकृत पाठ्यक्रमअनुसार आधारभूत तह कक्षा १-३ मा एकीकृत रूपमा सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने उल्लेख छ । नयाँ बनेको पाठ्यक्रमअनुसार गणित विषयको विषयवस्तुलाई बहुविषयक र विषयक ढाँचामा विभिन्न थिमहरूमा एकीकृत गरिएको छ । एकीकृत पाठ्यक्रमको कार्यान्वयनको मूख्य आधार कक्षाकोठामा यसका विषयवस्तुहरूको प्रस्तुतिको तौरतरिकामा नै आधारित हुन्छ । पाठ्यक्रमको मर्मअनुसार एकीकृत सिकाइ सहजीकरण सञ्चालन गर्नका लागि शिक्षकहरूमा एकीकृत सिकाइ सहजीकरण योजना निर्माण गरी सिकाइका क्रियाकलाप सञ्चालन गर्नु आवश्यक हुन्छ । विद्यार्थीकेन्द्रित सिकाइ क्रियाकलापबाट सिकाइ प्रभावकारी हुने, विषयवस्तुलाई अन्तरसम्बन्धित गर्न सहज हुने, बालबालिकाहरूले व्यवहारकुशल तथा जीवनोपयोगी सिप आर्जन गर्न सक्ने र उनीहरूमा रहेको प्रतिभा प्रस्फुटन सहज हुने भएकाले सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थीकेन्द्रित र बालमैत्री शिक्षण विधि अपनाउनुपर्ने हुन्छ । पाठको प्रकृति, थिम, तथा अन्य विषयवस्तुसँगको सम्बन्धअनुसार विधि तथा सामग्रीहरू पनि चयन गर्नुपर्ने हुन्छ । तसर्थ, एकीकृत पाठ्यक्रमअन्तर्गत गणित शिक्षणका लागि उपयोगी विधिहरू तथा सामग्रीहरूको बारेमा जानकारी पाउनु नितान्त आवश्यक देखिन्छ । यसका साथमा गणितका विषयवस्तुहरूलाई अन्य विषयसँग एकीकृत गरी कुन कुन विधि र सामग्रीहरू प्रयोग गरी नमूना पाठहरू निर्माण गर्न र प्रस्तुत गर्नका लागि सजिलो होस् भनी यो मार्गदर्शन तयार गरिएको छ ।

## २. उद्देश्यहरू

यस सेसनको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

- आधारभूत तह पाठ्यक्रम (कक्षा १–३) एकीकृत पाठ्यक्रममा सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालनका लागि प्रयोग गर्न सकिने केही विधि र प्रक्रिया विद्यार्थीकेन्द्रित र क्रियाकलापका लागि सम्भाव्य शिक्षण सिकाइ विधिहरूको पहिचान र प्रयोग गर्न ।
- गणित शिक्षण सिकाइका लागि सहयोग पुऱ्याउने शिक्षण सिकाइ सामग्रीहरूको पहिचान र प्रयोग गर्न ।
- आधारभूत तह पाठ्यक्रम (कक्षा १–३) एकीकृत पाठ्यक्रममा आधारित विधि तथा सामग्रीहरू प्रयोग गरी लघु पाठ नमुना तयार गर्न ।

## ३. सामग्री

पाठ्यक्रम, पाठ्यक्रम कार्यान्वयन मार्गदर्शन, शिक्षक निर्देशिका, विद्यार्थी पाठ्य तथा कार्यपुस्तक, मार्कर, साइनपेन, न्युजप्रिन्ट पेपर, मेटाकार्ड, प्रोजेक्टर, पारदर्शी कागज, मेटाकार्ड आदि ।

## ४. मुख्य विषयवस्तु

(क) आधारभूत तह पाठ्यक्रम (कक्षा १–३) एकीकृत पाठ्यक्रममा एकीकृत सिकाइ सहजीकरणमा गणित विषयका लागि उपयुक्त शिक्षण विधिहरू पहिचान र प्रयोग

(ख) आधारभूत तह पाठ्यक्रम (कक्षा १–३) एकीकृत पाठ्यक्रममा एकीकृत सिकाइ सहजीकरणमा गणित विषयका लागि उपयुक्त शैक्षिक सामग्रीहरूको पहिचान र प्रयोग

(ग) आधारभूत तह पाठ्यक्रम (कक्षा १–३) एकीकृत पाठ्यक्रममा आधारित विधि तथा सामग्रीहरू प्रयोग गरी लघु पाठ नमुना निर्माण

## ५. विस्तृत क्रियाकलाप

### क्रियाकलाप १ — १५ मिनेट

- सहभागीहरूलाई एक एक ओटा मेटा कार्ड वितरण गर्नुहोस् ।
- मेटाकार्डमा शिक्षण विधि के हो ? गणित विषयका लागि कुन कुन शिक्षण विधि उपयुक्त हुन सक्छन् ? एक एकओटा बुँदा टिप्न लगाउनुहोस् ।
- टिपोट गरिएको बुँदाहरू पालैपालो वाचन गर्दै डिस्प्ले बोर्डमा टाँस्न लगाउनुहोस् ।
- सहभागीहरूले बताएका बुँदाहरू नदोहोरिने गरी सहजकर्ताले लेख्ने पाटीमा टिपोट गर्नुहोस् ।
- क्रियाकलापमा सहभागिताका लागि धन्यवाद दिँदै छलफलको सङ्क्षेपीकरण गर्नुहोस् ।

### क्रियाकलाप २ : शिक्षण विधिहरू — १० मिनेट

एकीकृत सिकाइ सहजीकरणमा गणित विषयका लागि कुन कुन शिक्षण विधि उपयुक्त हुन सक्छन् ? भन्ने सम्बन्धमा क्रियाकलाप १ मा समेटिएका र नसमेटिएका विषयवस्तुहरू समावेश गरी केही विधिहरूका उदाहरणसहित स्लाइड प्रस्तुतीकरण गर्दै अन्तरक्रिया गराउनुहोस् ।

### क्रियाकलाप ३ : एकीकृत पाठ्यक्रम (कक्षा १-३) कार्यान्वयनका लागि आवश्यक सामग्री — १५ मिनेट

- सहभागीहरूलाई ४ ओटा समूहमा विभाजन गर्नुहोस् ।
- शिक्षण सामग्री कति प्रकारका हुन्छन् ? एकीकृत पाठ्यक्रममा गणित शिक्षणका लागि कस्ता कस्ता सामग्रीहरू प्रयोग गर्न सकिन्छ ? समूहमा छलफल गराइ चार्ट पेपरमा लेख्न लगाउनुहोस्।
- पालै पालो प्रत्येक समूहलाई आआफ्नो टिपोटलाई प्रस्तुत गर्न लगाउनुहोस् ।

### क्रियाकलाप ४ — १० मिनेट

- एकीकृत सिकाइ सहजीकरणमा आवश्यक शैक्षिक सामग्रीहरूका बारेमा समेटिएका र नसमेटिएका विषयवस्तुहरू समावेश गरी केही सामग्रीहरूका उदाहरणसहित स्लाइड प्रस्तुतीकरण गर्दै अन्तरक्रिया गराउनुहोस् ।

## क्रियाकलाप ५ : नमूना पाठ शिक्षण

**३५ मिनेट**

- माथि उल्लेखित विधिहरू तथा सामग्रीहरू प्रयोग गरी कुनै एउटा नमुना पाठ प्रस्तुत गर्न लगाउनुहोस् ।

| | |
|---|---|
| कक्षा : १ | |
| थिमः मेरो समुदाय | समय : ३५ मिनेट |
| पाठ : जोड | शिर्षक : योगफल २0 सम्म आउने जोड |

## सिकाइ उपलब्धिहरू

यस सत्रको अन्त्यमा विद्यार्थीहरू योगफल २0 सम्म आउने गणितीय समस्याहरू समाधान गर्न सक्षम हुने छन् ।

## व्यवहारकुशल सिपहरू

प्रयोग सिप, सिकाए सिप रचनात्मक सोचाइ सिप, समालोचनात्मक सोचाइ सिप, समस्या समाधान सिप, सञ्चार र सहकार्य सिप

## अन्तर विषयक सिकाइ उपलब्धिहरू

- साथी वा परिवारलाई आवश्यक सहयोग गर्न र लिन
- समूहमा खेलिने विभिन्न खेलहरू खेल्न
- विभिन्न चिह्नहरूको प्रयोग गरी मौखिक अभिव्यक्ति दिन

## आवश्यक सामग्रीहरू

- सिन्का वा गिटीका टुक्राहरू, विद्यार्थी पाठ्य तथा कार्यपुस्तक, मार्कर, सङ्ख्या पत्तीहरू, साइनपेन, न्युजप्रिन्ट पेपर, मेटाकार्ड

## सहजीकरण क्रियाकलापहरू

### क्रियाकलाप १

**१५ मिनेट**

(क) सबैलाई एक एकओटा मेटाकार्ड दिनुहोस् र आफ्नो आफ्नो घर परिवारमा जम्मा कति जना सदस्य हुनुहुन्छ ? लेख्न लगाउनुहोस् ।


(ख) सबैलाई आफ्नो परिवारको सङ्ख्या बराबरका रेखाहरू मेटाकार्डमा कोर्नुहोस् ।

(ग) आफ्नो परिवारका सङ्ख्या बराबरका गिटीका टुक्राहरू सङ्कलन गर्नुहोस् ।

(घ) अब आफ्नो बाँयातिरको साथीले सङ्कलन गरेका टुक्राहरू मिसाएर गणना गर्नुहोस् ।

(ङ) जम्मा कतिओटा भए उक्त सङ्ख्या बराबरका धर्काहरू तस्रो मेटाकार्डमा खिच्नुहोस् ।

जस्तै :



९ + ६ = १५

(च) अन्त्यमा माथिका दुई सङ्ख्याहरूको जोडलाई गणितीय रूपमा निम्नानुसार व्यक्त गर्नुहोस् ।

९ + ६ = १५

### क्रियाकलाप २ — १५ मिनेट

(क) दुई वा तीन तीन जनाको जनाको समूहहरूमा बस्नुहोस् ।


(ख) प्रत्येकलाई 0 देखि ९ सम्म अंकित सङ्ख्या पत्तीहरूको गड्डीबाट एक एक ओटा सङ्ख्या पत्ती नहेरीकन थुत्नुहोस् ।

(ग) प्रत्येक समूहका सदस्यहरूले प्राप्त गरेका सङ्ख्या बराबरका सिन्काहरू जम्मा गर्नुहोस् ।

(ग) आफ्नो समूहका सदस्यहरू सबैले सङ्कलन गरेका सिन्काहरू मिसाएर गणना गर्नुहोस् ।

(ङ) जम्मा कतिओटा भए गणना गरी लेख्न लगाउनुहोस् । र न्युज प्रिन्टमा पुनः लेख्नुहोस् ।

जस्तै : समूह १ तीन जनाको थियो र त्यस समूहको प्रस्तुति निम्नानुसार हुने भयो :




५ + ६ + ४ = १५

(च) समूहका सदस्यहरूको समूह कार्यका लागि सहभागिता र अन्त्यमा समूहको प्रस्तुतिहरूबाट अन्य विषयसँगको एकीकृत स्वरूपको बारेमा छलफल गर्नुहोस् ।

(छ) सबै समूहले प्रस्तुत गरिसकेपछि अन्य विषयका सिकाइ उपलब्धिहरू के कति हासिल भए प्रशिक्षकले सारांशसहित निष्कर्ष बताइदिनुहोस् । ५ मिनेट

## ६. प्रतिबिम्बन — ५ मिनेट

सहभागीहरूसँग विभिन्न विधि तथा सामग्रीहरूको प्रयोग गरी कसरी एकीकृत शिक्षण सिकाइ गर्न सकिन्छ भन्ने कुरामा छलफल गराउनुहोस् ।

# एकीकृत सिकाइ सहजीकरण योजनाअनुसार सिकाइ सहजीकरण क्रियाकलाप निर्माण र सञ्चालन तथा सूक्ष्म शिक्षण

| दिन : सात | सत्र : एक | समय : १ घण्टा ३० मिनेट |
|---|---|---|

## १. परिचय

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ तथा आधारभूत तह (कक्षा १-३) को एकीकृत पाठ्यक्रमअनुसार आधारभूत तह कक्षा १-३ मा एकीकृत रूपमा सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने उल्लेख छ । नयाँ बनेको पाठ्यक्रमअनुसार गणित विषयको विषयवस्तुलाई बहुविषयक र विषयक ढाँचामा विभिन्न थिमहरूमा एकीकृत गरिएको छ । पाठ्यक्रमको मर्मअनुसार एकीकृत सिकाइ सहजीकरण सञ्चालन गर्नका लागि शिक्षकहरूमा एकीकृत सिकाइ सहजीकरण योजना निर्माण गरी सिकाइका क्रियाकलाप सञ्चालन गर्नु आवश्यक हुन्छ । त्यसका लागि पाठ्यक्रमअनुसार एकीकृत सिकाइ सहजीकरणका लागि योजना निर्माण गरी सूक्ष्म शिक्षण गर्नका लगि यो मार्गदर्शन तयार गरिएको छ ।

## २. उद्देश्य

यस सेसनको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

- गणितका विषयवस्तुलाई अन्य विषयका मिल्दा विषयवस्तुसँग एकीकृत गराई तथा थिमसँग आबद्ध गराई निर्धारित व्यवहारकुशल सिप विकास गर्ने गरी एकीकृत सिकाइ सहजीकरणका लागि योजना निर्माण गर्न
- एकीकृत सिकाइ सहजीकरण योजनाअनुसार सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्न

## ३. सामग्री

- पाठ्यक्रम, पाठ्यक्रम कार्यान्वयन मार्गदर्शन, शिक्षक निर्देशिका, विद्यार्थी पाठ्य तथा कार्यपुस्तक, मार्कर, साइनपेन, न्युजप्रिन्ट पेपर, मेटाकार्ड, आदि ।

## ४. मुख्य विषयवस्तु

- गणितका विषयवस्तुलाई अन्य विषयका मिल्दा विषयवस्तुसँग एकीकृत गराई तथा थिमसँग आबद्ध गराई निर्धारित व्यवहारकुशल सिप विकास गर्ने गरी एकीकृत सिकाइ सहजीकरणका लागि योजना निर्माण
- एकीकृत सिकाइ सहजीकरणका लागि लघु शिक्षण नमुना

## ५. सहजीकरण क्रियाकलाप

### क्रियाकलाप १

- सहभागीहरूलाई ४ ओटा समूहमा विभाजन गर्न लगाउनुहोस् र प्रत्येक समूहलाई तलकामध्ये एक एकओटा विषयवस्तु उपलब्ध गराउनुहोस् ।

| समूहहरू | १ | २ | ३ | ४ |
|---|---|---|---|---|
| विषयवस्तु | ज्यामिती शिक्षण | गुणन शिक्षण | भाग शिक्षण | क्षमता शिक्षण |

- प्रत्येक समूहलाई पाठ्यक्रम, पाठ्यक्रम कार्यान्वयन मार्गदर्शन, शिक्षक निर्देशिका, विद्यार्थी पाठ्य तथा कार्यपुस्तक अध्ययन गरेर र समूहमा छलफल गरेर अन्य विषयका मिल्दा विषयवस्तुसँग एकीकृत गराई तथा थिमसँग आबद्ध गराई निर्धारित व्यवहारकुशल सिप विकास गर्ने गरी एकीकृत सिकाइ सहजीकरणका लागि १५ मिनेटको लघु शिक्षणका लागि योजना निर्माण गर्न लगाउनुहोस् । २० मिनेट

- सहजकर्ताले आवश्यकताअनुसार सहयोगमा लघुशिक्षणका लागि चाहिने आवश्यक सामग्री तयार गर्न लगाउनुहोस् ।

### क्रियाकलाप २

- प्रत्येक समूहले आफ्नो समूहमा छलफल गरेर तयार गरेको सिकाइ सहजीकरण योजनाअनुसार १५ मिनेट सिकाइ क्रियाकलाप सञ्चालन गर्न लगाउनुहोस् । ६० मिनेट

- रचनात्मक पृष्ठपोषण निम्नानुसारको तालिका बमोजीम हुने छ ।

| प्रस्तुति गर्ने समूह | पृष्ठपोषण प्रदान गर्ने समूह |
|---|---|
| समूह १ | समूह २ |
| समूह २ | समूह ३ |
| समूह ३ | समूह ४ |
| समूह ४ | समूह १ |

- सहभागीलाई सिकाइ सहजीकरण क्रियाकलापको मूल्याङ्कन गरी पाठपत्रमा उल्लिखित सहपाठी कक्षा शिक्षण अवलोकन फाराममा टिपोट गर्न लगाउनुहोस् ।

- समूह १ को सिकाइ सहजीकरण पश्चात समूह २ का सहभागीहरूबाट समूह १ लाई पृष्ठपोषण प्रदान गर्न लगाउनुहोस् । त्यसैगरी अन्य समूहको रचनात्मक पृष्ठपोषण प्रदान गर्ने मुख्य जिम्मेवारी दिनुहोस् । यसका साथै अन्य सहभागी र प्रशिक्षकबाट पृष्ठपोषण प्रदान गर्न लगाउनुहोस् र गर्न लगाउनुहोस् ।

## ६. प्रतिबिम्बन १० मिनेट

- समूह कार्यमा सहभागिताको आधारमा मूल्याङ्कन गर्न लगाउनुहोस् ।
- सहपाठी कक्षा शिक्षण अवलोकन फाराम प्रयोग गरी मूल्याङ्कन गर्न लगाउनुहोस् ।

# शैक्षणिक योजना निर्माण र प्रयोग

| दिन : सात | सत्र : दुई र तीन | समय : ३ घण्टा |
|---|---|---|

## १. परिचय

पाठ्यक्रमले निर्धारण गरेका अपेक्षित सक्षमता तथा सिकाइ उपलब्धि पूरा गराउन, सिकाइ सहजीकरणलाई सान्दर्भिक, व्यावहारिक, सहभागितामूलक बनाउन र मूल्याङ्कनलाई आधिकारिक (authentic) बनाउन तयार गरिने योजना नै शैक्षणिक योजना हुन् । एकीकृत पाठ्यक्रमअनुसार विभिन्न विषयवस्तुलाई एकीकृत गरी सिकाइ गराउनको लागि पाठ्यक्रम कार्यान्वयन योजना, वार्षिक शैक्षणिक योजना, एकाइ वा थिमगत योजना र दैनिक पाठ योजनाको निर्माण गरी कार्यान्वयन गर्नुपर्ने हुन्छ । यी विविध किसिमका शैक्षणिक योजना निर्माण गर्दा विद्यार्थीहरूमा विकास गराउन सकिने व्यवहारकुशल सिपहरू समेत एकिन गरी क्रियाकलापको माध्यमबाट उक्त सिपहरू विकास गराउनुपर्ने हुन्छ ।

## २. उद्देश्य

सत्रको अन्तमा सहभागीहरू निम्न कार्यहरू गर्न सक्षम हुने छन् :

(क) शैक्षणिक योजनाको परिचय र महत्त्व बताउन

(ख) एकीकृत पाठ्यक्रम कार्यान्वयन योजना, वार्षिक शैक्षणिक योजना र एकाइ/थिमगत योजना निर्माण गर्न

(ग) व्यवहारकुशल सिपमा आधारित दैनिक योजना निर्माण गरी प्रयोग गर्न

## ३. सामग्री

- आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७६
- शिक्षक निर्देशिका (हाम्रो सेरोफेरो, गणित, अङ्ग्रेजी र नेपाली)
- पाठ्यक्रम कार्यान्वयन मार्गदर्शन (हाम्रो सेरोफेरो, गणित, अङ्ग्रेजी र नेपाली)
- विद्यार्थी पाठ्य तथा कार्यपुस्तक (हाम्रो सेरोफेरो, गणित, अङ्ग्रेजी र नेपाली)
- व्यवहारकुशल सिपमा आधारित नमुना दैनिक पाठयोजना
- एकीकृत वार्षिक पाठ्यक्रम कार्यान्वयन योजना, वार्षिक शैक्षणिक योजना, एकाइ तथा थिमगत नमुना योजना

## ४. मुख्य विषयवस्तुहरू

(क) शैक्षणिक योजनाको परिचय र महत्त्व

(ख) एकीकृत पाठ्यक्रम कार्यान्वयन योजना, वार्षिक शैक्षणिक योजना र एकाइ/थिमगत योजना निर्माण

(ग) व्यवहारकुशल सिपमा आधारित दैनिक योजना निर्माण र प्रयोग

## ५. सहजीकरण क्रियाकलापहरू

### क्रियाकलाप १ : शैक्षणिक योजनाको परिचय र महत्त्व — १५ मिनेट

- शैक्षणिक योजना सम्बन्धमा सहभागीहरूका अनुभवहरू प्रस्तुत गर्न लगाउनुहोस् । सहभागीद्वारा व्यक्त गरिएका कुराहरूलाई शैक्षणिक पाटीमा बुँदागत रूपमा लेख्नुहोस् ।
- सहभागीहरूका अनुभवहरूलाई समेट्दै शिक्षण सिकाइलाई योजनाबद्ध, सहभागितामूलक, व्यवस्थित, सरल, आकर्षक तथा निर्धारित समयमै सिकाइ उपलब्ध पूरा गराउन विद्यालयमा तयार गरिने समग्र योजना नै शैक्षणिक योजना हुन् भन्ने निष्कर्ष दिनुहोस् ।
- शैक्षणिक योजनाअन्तर्गत कुन कुन योजना पर्छन् ? छलफल गराउनुहोस् । पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल गराउन विद्यालयमा सामान्यतया वार्षिक कार्यतालिका, पाठ्यक्रम कार्यान्वयन योजना, वार्षिक शैक्षणिक योजना, एकाइ वा थिमगत योजना, शिक्षण सुधार योजना, दैनिक तथा साप्ताहिक कार्य तालिका, दैनिक पाठयोजना जस्ता योजना बनाउने गर्नुपर्छ भन्ने निष्कर्ष दिनुहोस् ।
- उल्लिखित विभिन्न किसिमका शैक्षणिक योजनाको महत्त्व सम्बन्धमा त्एक तभअजलष्त्रगभ प्रयोग गर्नुहोस् र अनुभव आदानप्रदान गर्न लगाउनुहोस् ।
- पाठ्यक्रमले निर्धारण गरेका सक्षमता तथा सिकाइ उपलब्धिलाई सरल, सहज रूपमा पूरा गराउन, एकीकृत सिकाइलाई व्यावहारिक र सहभागितामूलक बनाउन, सामग्रीको अधिकतम प्रयोग गराउन, मूल्याङ्कनका उपयुक्त साधनहरूको पहिचान गरी विद्यार्थीको सही कार्यहरूको सही तरिकाले मूल्याङ्कन गर्न शैक्षणिक योजनाको आवश्कयता पर्ने कुरा बताउनुहोस् ।

### क्रियाकलाप २ : एकीकृत पाठ्यक्रम कार्यान्वयन योजना, वार्षिक शैक्षणिक योजना र एकाइ/थिमगत योजना निर्माण — १ घण्टा ३० मिनेट

- सहभागीहरूलाई तीन समूहमा विभाजन गर्नुहोस् । तपसिलका योजनासँग सम्बन्धित ढाँचासहित अध्ययन सामग्री वितरण गर्नुहोस् । समूहमा छलफल गर्न लगाउनुहोस् ।

## वार्षिक पाठ्यक्रम कार्यान्वयन योजनाको ढाँचा

| थिम | सिकाइ उपलब्धि | एकीकृत गर्न सकिने अन्य विषयक्षेत्रका सिकाइ उपलब्धिहरू तथा विषयवस्तु | सम्भावित सामग्री, क्रियाकलाप र मूल्याङ्कन प्रक्रिया | | | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | सिकाइ सामग्री | शिक्षण सहजीकरण क्रियाकलाप | मूल्याङ्कन | |
| म र मेरो परिवार | | | | | | |
| मेरो दैनिक जीवन | | | | | | |
| .............. | | | | | | |

## वार्षिक शैक्षणिक योजनाको ढाँचा

शैक्षिक वर्ष : २०७८

विद्यालयको नाम :........................... विषय : हाम्रो सेरोफेरो

विषय शिक्षकको नाम :............. ......... कक्षा : १

विद्यालय खुल्ने दिन : २२० वर्षभरि पढाइ हुने दिन : २०५

| महिना | पढाइ हुने दिन | थिम | थिम अन्तर्गतका सिकाइ उपलब्धि | कार्य घण्टा | थिम र थिम अन्तर्गतका पाठहरू | एकीकृत गर्न सकिने अन्य विषयक्षेत्रका विषयवस्तुहरू | शैक्षिक सामग्री | शिक्षण विधि तथा तरिका | विद्यार्थी मूल्याङ्कन गर्ने तरिका |
|---|---|---|---|---|---|---|---|---|---|
| वैशाख | १५ | म र मेरो परिवार | | ४० | | | | | |
| जेठ | २५ | | | | | | | | |
| असार | | | | | | | | | |
| ...... | | | | | | | | | |

## एकाइ वा थिमगत योजनाको ढाँचा

विद्यालयको नाम : ................. शैक्षिक सत्र : २०७८

शिक्षकको नाम: ...... विषय : हाम्रो सेरोफेरो

कक्षा : .................. थिमको अनुमानित कार्य घण्टा : ४० घण्टा

एकाइ, थिमको नाम : म र मेरो परिवार

| थिम अन्तर्गतका पाठहरू | पाठसँग सम्बन्धित सिकाइ उपलब्धि | कार्य घण्टा | व्यवहारकुशल सिप | एकीकृत गर्न सकिने अन्य विषयक्षेत्रका विषयवस्तुहरू | सिकाइ सामग्री | शिक्षण विधि, तरिका, क्रियाकलापहरू | मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|---|---|---|
| १. हाम्रो परिचय | | ७ | | | | | |
| ........... | ........... | | | | | | |

- कुनै एउटा विषयको एउटा थिमसँग सम्बन्धित तपसिलका शैक्षणिक योजनाको नमुना तयार गरी प्रस्तुत गर्न लगाउनुहोस् ।

- समूह कार्य

  समूह (क) एकीकृत पाठ्यक्रम कार्यान्वयन योजना

  समूह (ख) वार्षिक शैक्षणिक योजना

  समूह (ग) एकाइ, थिमगत योजना

- एउटा समूहले प्रस्तुत गर्दा अन्य समूहलाई सुधारको लागि पृष्ठपोषण दिन लगाउनुहोस् र सहजकर्ताले समेत सुझाव दिनुहोस् ।

## क्रियाकलाप ३ : व्यवहारकुशल सिपमा आधारित दैनिक पाठयोजना निर्माण र प्रस्तुति

**१ घण्टा १५ मिनेट**

- सहभागीहरूलाई पाठ्यक्रम तथा नेपाली, अङ्ग्रेजी, गणित र हाम्रो सेरोफेरो विषयको शिक्षक निर्देशिका र विद्यार्थी पाठ्य तथा कार्यपुस्तक वितरण गर्नुहोस् र प्रत्येक विषयको एउटा पाठ (नेपाली र सेराफेरो) तथा एउटा पिरियडको दैनिक पाठयोजना (अङ्ग्रेजी र गणित) अध्ययन गर्न लगाउनुहोस् ।

- त्यसैगरी सहजकर्ताद्वारा व्यवहारकुशल सिपमा आधारित एउटा नमुना दैनिक पाठयोजनासमेत वितरण गर्नुहोस् ।

- माथि उल्लिखित सामग्रीहरू अध्ययन गर्दा पाइएका साझा सिकाइका पक्षहरूमा छलफल गर्नुहोस् ।

- व्यवहारकुशल सिपमा आधारित एकीकृत दैनिक पाठयोजना निर्माण गर्दा ध्यान दिनुपर्ने पक्षहरूमा छलफल गर्नुहोस् ।

- सहभागीहरूलाई चारओटा समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई तपसिलमा उल्लिखित विषयमा व्यवहारकुशल सिपमा आधारित दैनिक पाठयोजना तयार गर्न लगाई प्रस्तुत गर्न लगाउनुहोस् ।

  समूह (क) गणित विषयको एक पिरियडको दैनिक पाठयोजना निर्माण

  समूह (ख) अङ्ग्रेजी विषयको एक पिरियडको दैनिक पाठयोजना निर्माण

  समूह (ग) नेपाली विषयको एक पिरियडको दैनिक पाठयोजना निर्माण

  समूह (घ) हाम्रो सेरोफेरो विषयको एक पिरियडको दैनिक पाठयोजना निर्माण

- एउटा समूहले प्रस्तुत गर्दा अन्य समूहलाई सुधारको लागि आवश्यक पृष्ठपोषण दिन लगाउनुहोस्

र सहजकर्ताले समेत आवश्यक सुझाव दिनुहोस् । एवम् क्रमले सबै समूहको प्रस्तुत गर्न र पृष्ठपोषण दिन लगाउनुहोस् ।

## ६. प्रतिबिम्बन/मूल्याङ्कन

- शैक्षणक योजनाको महत्त्वलाई कसरी प्रस्ट्याउनुहुन्छ ?
- वार्षिक पाठ्यक्रम कार्यान्वयन योजना, वार्षिक शैक्षणिक योजना, एकाइ तथा थिमगत योजना बनाई प्रयोग गर्नुहोस् । यसको औचित्य के हो ? यस्ता योजना कसरी बनाउन सकिन्छ ?
- व्यवहारकुशल सिपमा आधारित दैनिक पाठयोजना निर्माण गरी शिक्षण सिकाइलाई अपेक्षाकृत कसरी बनाउन सकिएला ?

# हाम्रो सेरोफेरो विषय र अन्य विषयको साझा सिकाइ र विषयवस्तु

| दिन : आठ | सत्र : एक | समय : १ घण्टा ३० मिनेट |
|---|---|---|

## १. परिचय

यस सत्रमा एकीकृत पाठ्यक्रमअन्तर्गत तयार भएको हाम्रो सेरोफेरो र अन्य विषयको साझा सिकाइका विषयवस्तुहरू र ती विषयक्षेत्रमा समावेश भएको विषय र पाठमा आधारित भएर छलफल गरिने छ । हाम्रो सेरोफेरो विषयक्षेत्रको पाठ्यक्रममा मूलतः सामाजिक अध्ययन, चारित्रिक विकास, विज्ञान तथा वातावरण, स्वास्थ्य तथा शारीरिक र सिर्जनात्मक कला जस्ता सिकाइका क्षेत्रहरूका विषयवस्तुलाई एकीकृत गरिएको छ ।

यस ढाँचामा एकीकृत गर्दा केही विषयक्षेत्र सबै विषयमा अन्तरसम्बन्धित हुने, केही दुई वा दुई भन्दा बढी विषयमा अन्तरसम्बन्धित हुने र केही कुनै एक विषयसँग मात्र अन्तरसम्बन्धित हुने गरी विषयक्षेत्रहरू व्यवस्थित गरिएका छन् । यी विषयहरूलाई अन्तरविषयक ढाँचामा एकीकरण गरिएको छ ।

## २. उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नअनुसारका कार्यहरू गर्न सक्षम हुने छन् :

(क) हाम्रो सेरोफेरो विषय र अन्यविषयको साझा सिकाइका विषयवस्तुहरूको पहिचान गर्न

(ख) हाम्रो सेरोफेरो विषयअन्तर्गत समावेश भएका विभिन्न विषयहरूको एकीकृत विषयवस्तुहरूसँग परिचित हुन

## ३. सामग्रीहरू

- एकीकृत पाठ्यक्रम
- शिक्षक निर्देशिका
- विद्यार्थी कार्यपुस्तक
- मार्कर, न्युज प्रिन्ट, मेटाकार्ड, स्लाइड, मास्किङ् टेप, चार्टपेपर, विभिन्न रङका साइनपेनहरू आदि

## ४. मुख्य विषयवस्तु

(क) हाम्रो सेरोफेरो विषयअन्तर्गत समावेश भएका विभिन्न विषयहरूको एकीकृत विषयवस्तु

(ख) हाम्रो सेरोफेरो विषय र अन्यविषयको साझा सिकाइका विषयवस्तुहरूको पहिचान

## ५. सहजीकरण क्रियाकलाप

### क्रियाकलाप १ : ध्यानाकर्षण क्रियाकलाप — ५ मिनेट

सहभागीहरूलाई तीन/तीनजनाको समूहमा विभाजन गर्नुहोस् । समूहको प्रत्येकलाई फरक फरक रङ दिनुहोस् प्रत्येक सदस्यले एउटै कागजमा एक आपसमा खप्टिने गरी तीनओटा वृत्त बनाउन लगाउने र प्रत्येक वृत्तमा आफूसँग भएको रङ भर्न लगाउने कस्तो कस्तो रङ बन्यो ? छलफल गर्न लगाउने । सहजकर्ताले एकीकृत पाठ्यक्रमको अवधारणा प्रस्ट पारिदिनुहोस् ।

### क्रियाकलाप २ : हाम्रो सेरोफेरो र अन्यविषयको साझा सिकाइक्षेत्र — ३५ मिनेट

- सहभागीहरूलाई ६ ओटा समूहमा विभाजन गर्नुहोस् ।
- पहिलो र दोस्रो समूहलाई कक्षा एक, तेस्रो र चौँथो समूहलाई कक्षा दुई र पाँचौं र छैटौं समूहलाई कक्षा तीनको पाठ्यक्रम अध्ययन गर्न लगाउने र निम्न कुराहरू पत्ता लगाउन दिनुहोस् । (पाठ्यक्रममा भएका बहुविषयक थिमहरू के के हुन् ? र ती थिमहरू कुनकुन विषयसँग एकीकृत गरिएका छन् ? हाम्रो सेरोफेरो विषयको विषयगत थिमहरू के के छन् ?)
- सहभागीले पहिचान गरेको थिमहरूलाई न्युजप्रिन्टमा लेख्न लगाउनुहोस् र सहजकर्ताले आवश्यकताअनुसारको सहजीकरण गर्नुहोस् ।
- समूह कार्य पश्चात सहभागीहरूलाई सहजकर्ताले छ ओटा चिठ्ठामा एक देखी छ अङ्क अङ्कित भएको चिठ्ठा प्रत्येक समूहका एक एकजना सहभागीलाई पालैपालो थुत्न लगाउनुहोस् ।
- सबै समूहलाई क्रमशः पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।
- प्रस्तुतीकरणमा आएका विषयवस्तमा केन्द्रित भई छलफल गनुहोस् । र, सहजकर्ताले छलफलको आधारमा हाम्रो सेरोफेरो विषय र अन्य विषयको साझा सिकाइ क्षेत्रका बारेमा सहभागीलाई स्पष्ट धारणा दिनुहोस् ।

### क्रियाकलाप ३ : हाम्रो सेरोफेरो विषयको विषयक्षेत्रमा समावेश भएको पाठ र विषय — ४५ मिनेट

- सहभागीहरूलाई ६ समूहमा विभाजन गरी प्रत्येक समूहलाई एकीकृत पाठ्यक्रम, विद्यार्थी कार्यपुस्तक, न्युजप्रिन्ट, रङ्गीन साइनपेन र मास्किन टेप प्रदान गर्नुहोस् ।
- तल तालिकामा दिएअनुसारको समूह कार्य गर्न लगाउनुहोस् ।

| क्र स | समूह | कार्य | कैफियत |
|---|---|---|---|
| १ | समूह क | म र मेरो परिवार विषयक्षेत्रमा समावेश भएको पाठ | कुन पाठ कुन विषयसँग सम्बन्धित छ |
| २ | समूह ख | हाम्रो वरपरको संसार विषयक्षेत्रमा समावेश भएको पाठ | कुन पाठ कुन विषयसँग सम्बन्धित छ |
| ३ | समूह ग | हाम्रो समुदाय विषयक्षेत्रमा समावेश भएको पाठ | कुन पाठ कुन विषयसँग सम्बन्धित छ |
| ४ | समूह घ | हाम्रो दैनिकी विषयक्षेत्रमा समावेश भएको पाठ | कुन पाठ कुन विषयसँग सम्बन्धित छ |
| ५ | समूह ङ | हाम्रो विद्यालय विषयक्षेत्रमा समावेश भएको पाठ | कुन पाठ कुन विषयसँग सम्बन्धित छ |
| ६ | समूह च | हाम्रो संस्कृति विषयक्षेत्रमा समावेश भएको पाठ | कुन पाठ कुन विषयसँग सम्बन्धित छ |

- सहभागीहरू समूह कार्य गरी रहँदा सहजकर्ताले समूहगत रूपमा आवश्यकताअनुसारको सहजीकरण कार्य गर्नुहोस् ।
- सहभागीलाई समूहगत रूपमा पालैपालो प्रस्तुतगर्न लगाउनुहोस् । प्रस्तुतीकरणमा आएको विषयवस्तुलाई सहजकर्ताले टिपोट गर्नुहोस् ।
- समूह कार्यको प्रस्तुतीकरणपश्चात् छलफल गर्नुहोस् र छलफलको आधारमा सहजकर्ताले सहभागीलाई हाम्रो सेरोफेरो अन्तरविषयक ढाँचा एकीकरण गरेको कुरा स्पष्ट पार्ने ।

## ६. प्रतिबिम्बन ५ मिनेट

सहभागीलाई तलको निम्नअनुसारको प्रश्नमा प्रतिबिम्बन गर्न भन्नुहोस् ।

(क) हाम्रो सेरोफेरो विषयको हाम्रो दैनिक विषयक्षेत्रमा कुन कुन पाठमा कुन कन विषयसँग सम्बन्धित छ ?

(ख) हाम्रो सेरोफेरोका विषयक्षेत्रहरूलाई कुन ढाँचामा एकीकरण गरिएको छ ?

# पाठ्यक्रम, विद्यार्थी कार्यपुस्तक, मार्गदर्शन र शिक्षक निर्देशिकाबिचको सम्बन्ध

| दिन : आठ | सत्र : दुई | समय : १ घण्टा ३० मिनेट |
|---|---|---|

## १. परिचय

आधारभूत तह (कक्षा १-३) मा एकीकृत पाठ्यक्रममा आधारित शिक्षण सिकाइ कार्यलाई कार्यान्वयन गर्नका लागि एकीकृत पाठ्यक्रम निर्माण भएको छ । सो पाठ्यक्रमअनुसार चारओटा विषय क्षेत्रमध्ये हाम्रो सेरोफेरो विषय पनि एक हो । हाम्रो सेरोफेरो पाठ्यक्रम कार्यान्वयन गर्नका लागि विद्यार्थीका लागि विद्यार्थी कार्यपुस्तक र शिक्षकका लागि शिक्षक निर्देशिका एवम् मार्गदर्शन तयार भएको छ । परम्परागत रूपमा प्रचलित पाठ्यपुस्तक अध्यापन गर्ने पद्धतिबाट अलिक माथि उठेर कक्षा क्रियाकलापमा आधारित शिक्षण सिकाइ कार्यलाई प्रोत्साहित गर्न कार्यपुस्तकलाई बढी क्रियाकलापमुखी, चित्रात्मक र कम विषयवस्तु भएको एवम् विद्यार्थीले गरेर सिक्नुपर्ने गरी डिजाइन गरिएको छ । त्यसैले विद्यार्थी कार्यपुस्तकमा दिइएको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न अनिवार्य रूपमा मार्गदर्शन र शिक्षक निर्देशिका अध्ययन गर्नुपर्ने आवश्यक हुन्छ । शिक्षक निर्देशिका र मार्गदर्शनमा कार्यपुस्तकसँग सम्बन्धित क्रियाकलाप कसरी गराउने भन्ने विस्तृत रूपमा दिइएकोले शिक्षकले प्रत्येक कक्षामा ती सामग्री सँगै राखेर मात्र पाठ योजना बनाउन वा कक्षा क्रियाकलाप सञ्चालन गर्न सम्भव हुन्छ ।

| पाठ्यक्रमको सिकाइ उपलब्धि | विद्यार्थी कार्यपुस्तकमा दिइएको क्रियाकलाप | शिक्षक निर्देशिका र मार्गदर्शनमा दिइएको विस्तृत क्रियाकलाप |
|---|---|---|
| हात समाइ लखेटेर खेलिने खेलहरू खेल्न | (ख) हात समातेर लखेटाइ खेल खेलौँ :  | विद्यार्थीलाई खेल मैदानमा लैजानुहोस् । सुरुमा दुई जना विद्यार्थी हात समातेर जोडी बनाउनुहोस् । अन्य विद्यार्थीलाई मैदानभित्र छरिएर रहन भन्नुहोस् । खेल सुरुको सङ्केत पाउनासाथ जोडीले छुनका लागि लखेट्न लगाउनुहोस् । जोडीद्वारा छोइएका विद्यार्थीले छुने साथीको हात समातेर अरू साथीलाई छुन जानु पर्नेछ । यसरी जति साथी छोइँदै जान्छन् त्यति नै हात समातेर छुन जाने समूहमा मिसिँदै माला लामो बन्दै जान्छ र बाँकी विद्यार्थीलाई लखेट्न जानुपर्छ भनी नियम बताउनुहोस् । अब खेल सुरु गर्नुहोस् । लखेट्ने साथीको सङ्ख्या बढ्दै जान्छ र अन्तिमसम्म पनि छुन नसकिने एक जना विद्यार्थीलाई विजयी घोषणा गर्नुहोस् । |

## २. उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नानुसारका कार्यहरू गर्न सक्षम हुने छन् ।

(क) हाम्रो सेरोफेरो विषयको पाठ्यक्रम, विद्यार्थी कार्यपुस्तक, मार्गदर्शन र शिक्षक निर्देशिका बिचको अन्तरसम्बन्ध पहिचान गर्न ।

## ३. सामग्री

- एकीकृत पाठ्यक्रम (आधारभूत तह कक्षा १-३) हाम्रो सेरोफेरो खण्ड
- हाम्रो सेरोफेरो विद्यार्थी कार्यपुस्तक (आधारभूत तह कक्षा १-३)
- हाम्रो सेरोफेरो मार्गदर्शन र शिक्षक निर्देशिका (आधारभूत तह कक्षा १-३)
- चार्टपेपर वा न्युज प्रिन्ट,
- मार्कर
- रूलर

## ४. मुख्य विषयवस्तु

पाठ्यक्रम, विद्यार्थी कार्यपुस्तक, मार्गदर्शन र शिक्षक निर्देशिका बिचको सम्बन्ध

## ५. सहजीकरण क्रियाकलाप

(क) सहभागीहरूलाई चार चार जनाको समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई थिम १ देखि १० सम्मका र कक्षा १ देखि ३ सम्मका थिमको प्रतिनिधित्व हुने गरी एक एकओटा थिमका एक एकओटा पाठ भाग लगाउनुहोस् ।

(ख) समूहमा बसेर प्रत्येक थिमबाट छनौट भएका पाठका कुनै दुई क्रियाकलाप सम्बन्धमा पाठ्यक्रममा भएको सिकाइ उपलब्धि, कार्यपुस्तकमा भएको विषयवस्तु वा क्रियाकलाप, मार्गदर्शन र शिक्षक निर्देशिकामा भएको क्रियाकलाप बिचमा के कस्तो सम्बन्ध छ भनी तालिकामा देखाउन लगाउनुहोस् ।

| पाठ | पाठ्यक्रमको सिकाइ उपलब्धि | कार्यपुस्तकको क्रियाकलाप | मार्गदर्शनमा भएको विस्तृत क्रियाकलाप | शिक्षक निर्देशिकामा भएको क्रियाकलाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

(ग) सबै समूहले तालिका भरिसकेपछि पालैपालो प्रस्तुत गर्दै अर्को समूहलाई पृष्ठपोषण दिन लगाउनुहोस् । सहजकर्ताले थप पृष्ठपोषण दिनुहोस् ।

## ६. प्रतिबिम्बन/मूल्याङ्कन

(क) कक्षामा वद्यार्थी कार्यपुस्तक मात्र प्रयोग गर्न मिल्छ ? किन ?

# शिक्षण सामग्री निर्माण र प्रयोग तथा शिक्षण विधि

| दिन : आठ | सत्र : तीन | समय : १ घण्टा ३० मिनेट |
|---|---|---|

## १. परिचय

शिक्षण सिकाइको क्रममा प्रयोगमा आउने वस्तु, उपकरण वा साधनलाई नै शैक्षिक सामग्री भनिन्छ । यसले सिकाइलाई व्यावहारिक र उद्देश्यमूलक बनाउन मद्दत गर्दछ । शैक्षिक सामग्रीको प्रयोग गर्दा बढी मूल्य पर्ने उच्चस्तरका शैक्षिक सामग्री प्रयोगमा ल्याउनुको साटो स्थानीय सुपथ मूल्यका र शिक्षक विद्यार्थी दुवै परिचित सामग्रीको प्रयोगले पठनपाठन बढी प्रभावकारी हुन्छ ।

त्यसैगरी आधारभूत तहको एकीकृत पाठ्यक्रमअनुसारको पाठ्यपुस्तक शिक्षण गर्न उपयुक्त शिक्षण विधिको छनोट गर्न सक्नुपर्छ । पाठ्यक्रममा उल्लिखित लक्ष्य तथा उद्देश्यहरूअनुसारका सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने शिक्षण विधि छनोट गर्नुपर्छ । कथाकथन एवम् गतिविधि, आगमन विधि, भूमिका निर्वाह/अभिनय विधि, निर्माणात्मक कक्षा, खेल विधि, प्रयोगात्मक विधि, क्षेत्र भ्रमण, प्रदर्शन विधि, स्वाध्ययन तथा छलफल विधि, अन्तरक्रिया विधि, छलफल र प्रश्नोत्तर, अन्वेषण, अनुसन्धान तथा खोज, समस्या समाधान विधि, परियोजना कार्य विधि आदि विभिन्न शिक्षण विधिहरूको प्रयोग आवश्यकताअनुसार प्रयोग गरी शिक्षण गर्नुपर्छ ।

आधारभतू तह (कक्षा १-३) को हाम्रो सेरोफेरो विषयक्षेत्रको पाठ्यक्रममा बालबालिकालाई सामाजिक र भौतिक वातावरणप्रति रूचि जगाउने, आफू वरपर रहेको वातावरणको पहिचान गर्ने, वैज्ञानिक सोच गर्ने, सरसफाइ र संरक्षण एवम् स्वास्थ्यप्रति सचेत हुने, कला र सङ्गीतप्रति रूचि जगाई सिर्जनात्मक प्रतिभाको विकासमा सहयोग गर्ने विषयवस्तुको समावेश गरी उत्पादनशील र सक्रिय नागरिकको जग बसाउने उद्देश्य लिइएको छ । यस उद्देश्य प्राप्तिका लागि विषयवस्तुको अवधारणा स्पष्ट पार्नको लागि उपयुक्त शैक्षिक सामग्री र शिक्षण विधिको छनोट र प्रयोग त्यत्तिकै आवश्यक पर्छ ।

## २. उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नअनुसारका कार्यहरू गर्न सक्षम हुने छन् :

(क) शिक्षण सामग्रीनिर्माण गर्न

(ख) शिक्षण सामग्रीको प्रयोग गर्न

(ग) उपयुक्त शिक्षण विधिको छनोट गर्न

## ३. सामग्री

ल्यापटप, प्रोजेक्टर, पावर प्वाइन्ट, शिक्षक निर्देशिका, कार्यपुस्तक मार्ग निर्देशन, मेटाकार्ड, न्युजप्रिन्ट, मार्कर, कैँची, मास्किङ् टेप आदि ।

## ४. मुख्य विषयवस्तु

(क) शिक्षण सामग्री निर्माण

(ख) शिक्षण सामग्रीको प्रयोग

(ग) शिक्षण विधि

## ५. सहजीकरण क्रियाकलापहरू

### क्रियाकलाप १

सर्वप्रथम सहभागीहरूलाई समूहमा प्रश्नहरू चिट्ठाको रूपमा वितरण गरी प्रश्नको उत्तर दिन लगाउने ।

जस्तै :

(क) तपाईँ कस्ता शैक्षिक सामग्री आफैँले बनाउनुहुन्छ ?

(ख) कक्षा कोठामा शैक्षिक सामग्रीको सहि प्रयोग कसरी गर्नुहुन्छ ?

(ग) मेरो सेरोफेरोमा कुनकुन शिक्षण विधि बढी प्रयोग गर्न सकिन्छ ?

टोली नेताबाट आएको उत्तरमा अन्य सहभागीहरूलाई प्रतिक्रिया राख्न समय दिने । सहजकर्ताले आवश्यक पृष्ठापोषण दिने । २० मि.

### क्रियाकलाप २

प्रशिक्षकले सोरोफेरोअन्तर्गत विभिन्न पाठमा प्रयोग गर्न सकिने सिकाइ सामग्रीहरूको नमुना सामग्री प्रदर्शन गर्दै कुन क्रियाकलापमा कसरी प्रयोग गर्न सकिन्छ भनी बताइदिनुहोस् । ३० मि.

### क्रियाकलाप ३

सेरोफेरो विषयमा प्रयोग गर्न सकिने सिकाइ सहजीकरण विधिसम्बन्धी उदाहरणसहितको स्लाइड प्रस्तुत गर्दै छलफल गर्नुहोस् । ३० मि.

## ६. प्रतिबिम्बन/मूल्याङ्कन

(क) हाम्रो सेरोफेरो विषयमा के कस्ता सिकाइ सामग्रीहरू प्रयोग गर्न सकिन्छ ?

(ख) हाम्रो सेरोफेरो विषयमा कुन कुन शिक्षण विधिहरू प्रयोग गर्न सकिन्छ ?

# एकीकृत शिक्षण सिकाइको पाठयोजना निर्माण र नमुना पाठ प्रस्तुति

| दिन : नौ | सत्र : एक | समय : १ घण्टा ३० मिनेट |
| --- | --- | --- |

## १. परिचय

विद्यार्थीहरू आफ्नो वरिपरिको सामाजिक, भौतिक, सांस्कृतिकलगायतका अवस्थासँग परिचित भएमा सिकाइलाई दैनिक जीवनसापेक्ष बनाउन सहज हुन्छ । हाम्रो सेरोफेरो विषयको शिक्षण सिकाइ सहभागितात्मक तथा क्रियाकलापमुखी हुनुपर्छ । यस्तो शिक्षण सिकाइले विद्यार्थीहरूलाई सिर्जनशील तथा खोजोन्मुख बनाई दैनिक समस्या समाधानका सिप विकासमा सहयोग गर्न सक्नु पर्छ । विज्ञान तथा वातावरण, सामाजिक अध्ययन, स्वास्थ्य तथा शारीरिक शिक्षा र सिर्जनात्मक कला विषयहरूलाई अन्तरविषयक ढाँचामा एकीकरण गरी यस विषयलाई हाम्रो सेरोफेरो विषयक्षेत्र भनिएको छ ।

यस ढाँचामा एकीकरण गर्दा केही विषयक्षेत्र सबै विषयमा अन्तरसम्बन्धित हुने, केही दुई वा दुईभन्दा बढी विषयमा अन्तरसम्बन्धित हुने र केही कुनै एक विषयसँग मात्र अन्तरसम्बन्धित हुने विषयक्षेत्रहरू अन्तरसम्बन्धित गरिएको छ । शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी र दिगो बनाउनको लागि पाठयोजनाको महत्त्वपुर्ण भूमिका रहेको हुन्छ । पाठ योजनाले शिक्षकमा आत्मविश्वास बढाउनाको साथसाथै पाठ्यक्रमद्वारा निर्दिष्ट गरिएको लक्ष्य र उद्देश्यलाई समयमा नै हासिल गर्न सहयोग पुऱ्याउँछ । हाम्रो सेरोफेरो विषयलाई अन्तरविषयक ढाँचामा एकीकरण गरिएकोले सोही अनुरूप शिक्षण गर्नको लागि एकीकृत पाठ योजनाको निर्माण गर्ने सिप सहजकर्ता/शिक्षकमा हुनु अपरिहार्य हुन जान्छ । तसर्थ यो सत्रमा एकीकृत पाठ योजना निर्माण तथा लघु शिक्षण गर्ने गरी क्रियाकलापहरूको विकास गरिएको छ । सहजकर्ताद्वारा प्रस्तुत गरिने नमुना पाठ योजनाले सहभागीहरूलाई एकीकृत पाठ योजना विकास गरी शिक्षण गर्न सहयोग मिल्ने अपेक्षा गरिएको छ ।

## २. उद्देश्य

यस सत्रको अन्त्यमा सहभागी निम्नअनुसारको कार्यहरू गर्न सक्षम हुने छन् :

(क) एकीकृत शिक्षण सिकाई गर्नको लागि हाम्रो सेरोफेरो र अन्य विषयको साझा सिकाइको विषयवस्तु पहिचान र शिक्षणविधिको आवधारणा बुझ्न

(ख) एकीकृत विषयक्षेत्रको आधारमा नमुना पाठ प्रस्तुति र लघु शिक्षण अभ्यास गर्न

(ग) एकआपसमा पृष्ठपोषण आदानप्रदान गर्न

## ३. सामग्री

- एकीकृत पाठ्यक्रम (आधारभूत तह कक्षा १-३)
- पाठ्यक्रम कार्यान्वयन मार्गदर्शन
- शिक्षक निर्देशिका (हाम्रो सेरोफेरो)
- विद्यार्थी कार्यपुस्तक
- बेलुन, पिन

## ४. मुख्य विषयवस्तु

यस सत्रको मुख्य विषयवस्तु तल निम्न प्रकारले उल्लेख गरिएको छ ।

(क) एकीकृत शिक्षण सिकाई गर्नको लागि हाम्रो सेरोफेरो र अन्य विषयको साझा सिकाइको विषयवस्तु पहिचान र विश्लेषण

(ख) एकीकृत विषयक्षेत्रको आधारमा नमुना पाठ प्रस्तुति र लघु शिक्षण

(ग) पृष्ठपोषण

## ५. सहजीकरण क्रियाकलापहरू

### क्रियाकलाप १ : ध्यान आकर्षण क्रियालाप — १० मिनेट

- सहभागीहरूलाई एक पङ्क्तिमा उभिन लगाउनुहोस् । प्रत्येक सहभागीलाई एउटा बेलुन र एउटा पीन प्रदान गर्नुहोस् ।
- प्रत्येक सहभागीलाई बेलुन नफुट्ने गरी बेलुन फुकेर गाँठो पार्न लगाउनुहोस् ।
- अब सहजकर्ताले कसको हातमा बेलुन रहिरहन्छ भने जानकारी दिने । (सहजकर्ताले यो जानकारी/निर्देशन दिई सकेपछि सहभागीले एक अर्काको बेलुन फुटाउन थाल्छ । यसको लागि २ वा ३ मिनेटको समय मात्र दिने)
- यदी सहभागीले एक अर्काको बेलुन फुटाउने कार्य गर्‍यो भने वा बेलुन फुटाउने कार्य गरेन भने पनी सहजकर्ताले त्यस क्रियाकलापलाई एकीकृत शिक्षणसँग तुलना गर्दै एकीकृत सिकाइको बारेमा स्पष्ट जानकारी दिने ।

### क्रियाकलाप २ : हाम्रो सेरोफेरो र अन्य विषयको साझा सिकाइ विषयवस्तु पहिचान र विश्लेषण — २५ मिनेट

- सहभागीहरू चार समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई एकीकृत पाठ्यक्रम, शिक्षक निर्देशिका र विद्यार्थी कार्यपुस्तक प्रदान गर्नुहोस् ।

- प्रत्येक समूहलाई हाम्रो सेरोफेरो विषयको पाठ्यक्रम, शिक्षक निर्देशिका अध्ययन गर्न लगाउनुहोस् । अध्ययनको क्रममा साझा सिकाइ क्षेत्र तथा सिकाइ उपलब्धिको पहिचान तल दिइएको तालिकाअनुसार समूहगत रूपमा समूह कार्य गर्न लगाउनुहोस् ।

### समूह कार्य विभाजन :

| क्र स | समूह | समूह कार्य | कैफियत |
|---|---|---|---|
| १ | समूह क | हाम्रो सेरोफेरोको विषयक्षेत्र पहिचान | |
| २ | समूह ख | हाम्रा वरपरको जीवजन्तु र विषयगत सिकाइ उपलब्धि | |
| ३ | समूह ग | मेरो सिर्जना र विषयगत सिकाइ उपलब्धि | |
| ४ | समूह घ | हाम्रो समुदाय र विषयगत सिकाइ उपलब्धि | |

- सहभागीलाई समूहगत रूपमा पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।
- समूहगत प्रस्तुतीकरणपश्चात सहजकर्ताले सहभागीलाई तल बाकसमा दिइएको विषयवस्तुको आधारमा स्पष्ट धारणा दिनुहोस् ।

**विषयगत विषयक्षेत्र (हाम्रो सेरोफेरोमा मात्र)**

थिम : हाम्रा वरपरको जीवजन्तु

पाठ : सजीव र निर्जीव

**हाम्रो सेरोफेरो विषयको सिकाइ उपलब्धि** : पेज ४०

✓ सजीव र निर्जीव वस्तुहरू पहिचान गर्न

✓ सजीव र निर्जीव वस्तुहरूको लक्षण बताउन

**नेपालीमा एकीकरण** : शब्द उच्चारण ....... चरा, घडी, टेबल

**सामान्य वर्णन** : घाम लाग्दा तातो हुन्छ, बादल चिसो भएपछि पानी पर्छ .... ....... ...... .......

**अङ्ग्रेजीमा एकीकरण** : Bird, Table, Fan

Theme : Bird and animal (Page 65 only in english)

**गणितमा एकीकरण** : पेज ४०

✓ सजीव र निर्जीव वस्तुहरूको सङ्ख्या १, २, ३, ४.......

**सजीव र निर्जीव**

हेरौँ र चिनौँ :



हाम्रो वरपर विभिन्न वस्तुहरू छन् । ती वस्तुमध्ये केहीले खाना खान्छन् । केहीले खाँदैनन् । खाना खाने वस्तु सजीव हुन् । यिनीहरूले सास पनि फेर्छन् । जनावर, मानिस, बिरुवा सजीव हुन् । बिरुवाले पनि माटो र हावाबाट आफूलाई चाहिने कुरा लिन्छन् । केही वस्तुले खानेकुरा खाँदैनन् । सास पनि फेर्दैनन् । त्यस्ता वस्तु निर्जीव हुन् । टेबल, किताब, भकुन्डो, कलम निर्जीव हुन् ।

## २ ओटा सिकाइक्षेत्र भएका विषयक्षेत्रहरू

थिम : हाम्रो वरपरको संसार (सेरोफेरो र नेपालीमा मात्र)

पाठ : मौसम

**हाम्रो सेरोफेरो विषयको सिकाइ उपलब्धि :** पेज ४८

✓ विभिन्न किसिमको मौसमको पहिचान गर्न र सामान्य वर्णन गर्न


**मौसमको पहिचान :** चिसो मौसम, गर्मी मौसम, पानी पर्ने मौसम

**सामान्य वर्णन :** घाम लाग्दा तातो हुन्छ, बादल चिसो भएपछि पानी पर्छ .... ....... ...... .......

**नेपाली विषयको सिकाइ उपलब्धि :**

✓ शब्दका सुरुका क् देखि क्ष् सम्मका हलन्त वर्णका प्रयोग भएका संयुक्त व्यञ्जन वर्णका ध्वनि पहिचान र उच्चारण गर्न ।

**हलन्त वर्णको प्रयोग भएको शब्द :** चल्दा, हल्लिन्छ, अवस्था, हुन्छ । .......... .......... ............



**मौसम**

हेरौँ र छलफल गरौँ :

घाम, हावा र बादलको अवस्था नै मौसम हो । आकाशमा घाम लाग्दा तातो हुन्छ । बादलले सूर्यलाई ढाक्दा शीतल हुन्छ । बादल पानीको बाफ हो । बादल चिसो भएपछि पानी पर्दछ । हावा चल्दा रुखका पात हल्लिन्छन् ।

## ३ ओटा सिकाइक्षेत्र भएका विषयक्षेत्रहरू

थिम : मेरो सिर्जना (अङ्ग्रेजीबाहेक)

**हाम्रो सेरोफेरो : सिकाइ उपलब्धि :**

पेज ४२ पाठ्यक्रम

✓ स्थानीय बाजाको नाम बताउन

✓ एकल वा समूहमा ताली बजाउन

✓ बालगीत तथा कक्षागत गीत ताली बजाउँदै गाउन

**मेरो गणित : सिकाइ उपलब्धि**

✓ ज्यामितीय आकारहरू चिन्न

✓ स्थानको आधारमा वस्तुहरूलाई भित्र र बाहिर, अगाडि र पछाडि, तल र माथि, दायाँ, बायाँ र बिच, नजिक र टाढा छुट्याउन

**मेरो नेपाली : सिकाइ उपलब्धि**

✓ मात्रा लागेको र नलागेको वर्णको पहिचान र उच्चारण



ग आफूले बनाएको बाजा बजाऔँ :

एक हातमा बाजा लिनुहोस् । अर्को हातमा बाजा ठोक्नुहोस् । एक दुई गन्दै शिक्षकले जस्तै तालमा बजाउनुहोस् । बाजा नभएकाले सँगै ताली बजाउनुहोस् । केही समय गन्ती गर्दै बजाउने अभ्यास गर्नुहोस् ।

एक दुई तीन चार
एक दुई तीन चार

एक ताली दुई ताली तीन ताली चार ताली

एक दुई तीन चार
एक दुई तीन चार

एक ताली दुई ताली तीन ताली चार ताली

घ स्थानीय बाजा बजाऔँ :



ङ रेखा तानेर बाजाको नाम मिलाउनुहोस् :

बाँसुरी
तबला
ढोलक
झ्याम्टा
डमरु
मादल

## ३ ओटा सिकाइक्षेत्र भएका विषयक्षेत्रहरू (अङ्ग्रेजीबाहेक)

थिम : हाम्रो समुदाय

पाठ : मेलमिलाप

**हाम्रो सेरोफेरो विषयको सिकाइ उपलब्धि :**

✓ आफ्नो दौँतरीहरूसँग मिलीजुली बस्न र खेल्न

✓ साथी र परिवारमा आपसी सहयोग लिन र दिन तथा सहकार्य गर्न

**नेपाली विषयको सिकाइ उपलब्धि :**

✓ उ, ए वर्ण पहिचान गरी उच्चारण गर्न

✓ अ, आ, इ, उ, ए वर्ण पहिचान गरी उच्चारण गर्न

**मेरो गणित विषयको सिकाइ उपलब्धि :**

✓ ठोस वस्तुको प्रयोग गरी २० सम्मको सङ्ख्यालाई जोर र बिजोर सङ्ख्यामा वर्गीकरण गर्न

**मेलमिलाप**

गीत गाऔँ :

आऊ साथी मिलेर
सँग सँगै खेलौँ न
लुकामारी गरेर
साथी सबै भेटौँ न ।





पढ्न जाने बेलामा
साथी कुरी बसेको
खाजा खाने बेलामा
हाँसी खुसी भएको ।

- सहजकर्ताले सहभागीलाई विषयगत विषयक्षेत्रहरू जुन एउटा विषयसँग मात्र अन्तरसम्बन्धित, दुईओटासँग मात्र अन्तरसम्बन्धित छ, तीनओटा विषयक्षेत्रसँग मात्र अन्तरसम्बन्धित छ र चारैवटा विषयक्षेत्रसँग अन्तरसम्बन्धित भएको कुरालाई बाकसमा उल्लेख गरिएको जस्तै हेरक विषयको सिकाइ उपलब्धिसँग अन्तरसम्बन्धित गर्दै स्पष्ट धारणा दिनुहोस् ।

- हाम्रो सेरोफेरोमा मात्र समावेश रहेको विषयक्षेत्रलाई सजिलै अन्य विषयको सिकाइसँग पनि अन्तरसम्बन्धित गर्न सकिन्छ भने कुरा माथिको हाम्रो सेरोफेरो मात्र उल्लिखित बाकससँग अन्तरसम्बन्धित गर्दै स्पष्ट पार्नुहोस् ।

## क्रियाकलाप ३ : नमुना पाठ प्रस्तुति — २० मिनेट

- सहजकर्ताले कक्षा (१-३) को कुनै कक्षाको कुनै एक विषयक्षेत्रमा आधारित भई हाम्रो सेरोफेरो विषयको थिममा आधारित भई लगभग १५ मिनेटको नमुना शिक्षण प्रस्तुत गर्नुहोस् । (माथिको चित्रको सहायता लिने)

- नमुना शिक्षणपश्चात सहजकर्ताले सहभागीहरूसँग छलफल गरी हाम्रो सेरोफेरो विषयको एकीकृत विषयक्षेत्र र अन्य विषयको साझा सिकाइ, शिक्षक निर्देशिका अनुसारको क्रियाकलाप, शिक्षण विधि, नमुना शिक्षणको उपयुक्तताका आधारमा राम्रा र सुधार गर्नुपर्ने पक्षको सम्बन्धमा आवश्यक पृष्ठपोषण प्राप्त गर्नुहोस् ।

### क्रियाकलाप ४ : सूक्ष्म शिक्षण सहभागीबाट — ३० मिनेट

- सहभागीहरूको ४/५ जनाको समूहमा विभाजन गनुहोस् । प्रत्येक समूहलाई हाम्रो सेरोफेरो भन्ने विषययलाई केन्द्रमा राखी लघु शिक्षणका लागि कुनै एक पाठको योजना बनाउन लगाउनुहोस् । प्रशिक्षकले प्रत्येक समूहमा गई आवश्यक सहजीकरण गनुहोस् ।
- प्रत्येक दुई दुईओटा समूहको एक समूह हुने गरी पुनः समूह बनाउनुहोस् । दुईटै समूहले बनाएको लघु शिक्षण योजना बारे छलफल गर्न लगाउनुहोस् । ती ठूला समूहले कुन पाठयोजनामा लघु शिक्षण गर्ने र कसले गर्ने भनी निर्णय गर्न लगााउनुहोस् । लघु शिक्षणका लागि आवश्यक सामग्री तयारी गर्न लगाउनुहोस् । सहजकर्ताले प्रत्येक समूहलाई आवश्यकताअनुसारको सहजीरकण प्रदान गर्नुहोस् ।
- अब गोला प्रथाबाट लघु शिक्षण गर्ने समूह र व्यक्ति छान्नुहोस् ।
- सहभागीले गरेको शिक्षणका बारेमा छलफल गर्दै पृष्ठपोषण आदानप्रदान गर्नुहोस् ।

## ६. प्रतिबिम्बन — ५ मिनेट

सहभागीलाई निम्नलिखित पक्षमा केन्द्रित भई प्रतिबिम्बन गर्न भन्नुहोस् :

(क) हाम्रो सेरोफेरो विषयको हाम्रो समुदाय विषयक्षेत्रलाई मेरो गाणित विषयसँग कसरी अन्तरसम्बन्धित गरिएको छ, कुनै दुईओटा उदाहारण दिनुहोस् ।

# शिक्षण अभ्यास र पृष्ठपोषण आदानप्रदान

| दिन : नौ | सत्र : दुई र तीन | समय : ३ घण्टा |
|---|---|---|

## १. परिचय

यस तालिमको मुख्य उद्देश्य सहभागी शिक्षकहरूलाई कक्षाकोठामा सेरोफेरो विषयका विषयवस्तुहरूको प्रभावकारी शिक्षण गर्न आवश्यक ज्ञान, सिप र अभिवृत्तिको विकास गर्नु हो । त्यसैले यस तालिमको अघिल्ला चारओटा सेसनमा सिकेका सिपहरू अभ्यास गर्न अभ्यास शिक्षणको व्यवस्था गरिएको हो । अभ्यास शिक्षणले सहभागी शिक्षकलाई नयाँ पाठ्यक्रमअनुसार शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न आत्मविश्वास जगाउँछ । आफ्ना कमी कमजोरीहरू सुधार गर्न सहयोग गर्छ । त्यसैगरी एकीकृत विषयको मर्मअनुसार सिकाइ क्रियाकलाप सञ्चालन गर्ने क्षमता विकास हुन्छ ।

## २. उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नअनुसारका कार्यहरू गर्न सक्षम हुने छन् ।

(क) अभ्यास शिक्षणका माध्यमबाट तालिमलाई कक्षामा प्रयोग गर्न उत्प्रेरित गर्नु

(ख) शिक्षकको सिप विकास गर्नु

## ३. सामग्री

- एकीकृत पाठ्यक्रम (आधारभूत तह कक्षा १-३) हाम्रो सेरोफोरो खण्ड
- हाम्रो सेरोफोरो विद्यार्थी कार्यपुस्तक (आधारभूत तह कक्षा १-३)
- हाम्रो सेरोफोरो मार्गदर्शन र शिक्षक निर्देशिका (आधारभूत तह कक्षा १-३)
- मेटाकार्ड
- न्युजप्रिन्ट
- मार्कर
- कैँची
- मास्किङ टेप आदि

## ४. मुख्य विषयवस्तु

(क) अभ्यास शिक्षणका लागि आवश्यक पाठ योजना र सामग्री तयारी

(ख) अभ्यास शिक्षण र पृष्ठपोषण

## ५. सहजीकरण क्रियाकलापहरू

### क्रियाकलाप १

सहभागीहरूको गोला प्रथाद्वारा ६ ओटा समूह बनाउनुहोस् । प्रत्येक समूहलाई हाम्रो सेरोफेरो विषयको थिमगत शिक्षक निर्देशिका वा मार्गदर्शन र विद्यार्थी कार्यपुस्तक वितरण गर्नुहोस् । सबै समूहले १० मिनेट शिक्षण गर्नको लागि कुनै एक पाठको कुनै एक क्रियाकलाप छनौट गरेर सोको पाठ योजना तथा आवश्यक सामग्री तयार पार्नुहोस् । क्रियाकलाप तयार पार्दा एकीकृत पाठ्यक्रमको मर्मअनुसार अन्य विषयसँग पनि जोड्न सकिन्छ भने जोड्नुहोस् तर जबर्जस्ती जोड्नु भने हुँदैन । स्वाभाविकरूपमा जोड्न सकिने भएमा मात्र जोड्नुहोस् । २० मि.

### क्रियाकलाप २

तयारी सकिएपछि सबै समूहलाई आफ्नो समूहको प्रस्तुतकर्ता छान्न लगाउनुहोस् । एक समूहले प्रस्तुत गर्दा अर्को समूहले पृष्ठपोषण गर्ने गरी समूह तालिका बनाएर जिम्मेवारी तोक्नुहोस् । प्रत्येक समूहले आफ्ना सहभागी साथीहरूलाई विद्यार्थी मानी १० मिनेट शिक्षण गर्नुपर्ने र पृष्ठपोषण समूहले बढीमा २ मिनेट भित्र पृष्ठपोषण दिनु पर्ने बताइदिनुहोस् । १०मि.

**शिक्षण र पृष्ठपोषण तालिका**

| शिक्षण समूह | क | ख | ग | घ | ङ | च | छ | ज | झ | ञ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| पृष्ठपोषण समूह | ख | ग | घ | ङ | च | छ | ज | झ | ञ | क |

### क्रियाकलाप ३

सबै समूहलाई पालैपालो अभ्यास शिक्षण गर्न लगाउनुहोस् । पृष्ठपोषण समूलाई पृष्ठपोषण दिन लगाई आफूले पनि आवश्यक पृष्ठपोषण दिनुहोस् । १५० मि.

## ६. प्रतिबिम्बन/मूल्याङ्कन

सहभागीलाई स्वमूल्याङ्कनको अवसर दिनुहोस् । प्रत्येक सहभागीको सूक्ष्म शिक्षणको क्रममा मूल्यांकन गरी लगत्तै पृष्ठपोषण दिन लगाउनुहोस् । आफूले पनि पृष्ठपोषण दिनुहोस् ।

# मूल्याङ्कन प्रक्रिया र अभिलेखीकरण

| दिन : नौ | सत्र : पहिलो र दोस्रो | समय : ३ घण्टा |
|---|---|---|

## १. परिचय

शिक्षण सिकाइ प्रक्रियाकै एउटा अभिन्न अङ्गका रूपमा विद्यार्थीको नियमित लेखाजोखा गरी विद्यार्थीको सिकाइमा निरन्तर सुधार गरी न्यूनतम सिकाइस्तर प्राप्तिको सुनिश्चितता प्रदान गर्ने कार्यलाई एकीकृत पाठ्यक्रमले जोड दिएको छ । यसले विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्तिका साथै उनीहरूलाई सिकाइमा निरन्तर प्रगति गर्ने अवसर सिर्जना गर्न सहयोग गर्दछ । प्रत्येक थिममा उल्लिखित सिकाइ उपलब्धि हासिल भए नभएको कुरा मूल्याङ्कनका उपयुक्त साधनहरूको प्रयोगबाट लेखाजोखा गरी थिमगत र वार्षिक रूपमा विद्यार्थीको उपलब्धिस्तर कायम गरी अभिलेखीकरण गर्नुपर्छ । कक्षाकोठामा गरिने यस्तो मूल्याङ्कनलाई विद्यार्थीको स्तर वा ग्रेड निर्धारणका लागि गरिने सिकाइको मूल्याङ्कनका रूपमा नलिई सिकाइ सुधार गर्ने प्रयोजनका लागि गरिने मूल्याङ्कन अर्थात् यसलाई मूलतः सिकाइका लागि मूल्याङ्कनका रूपमा प्रयोग गरिनुपर्छ । अर्को शब्दमा सिकाइको क्रममा कक्षाकोठामा गरिने यस्तो मूल्याङ्कन निर्माणात्मक प्रकृतिको हुनु पर्छ ।

यस्तो मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ उपलब्धि तथा कमजोरीहरूको निरन्तर लेखाजोखा गरी सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्नु हो । यस्तो पृष्ठपोषण दुई चरणमा हुन सक्दछ । पहिलो चरणमा शिक्षण सिकाइको क्रममा वा निश्चित विषयवस्तु सिकाइपश्चात् गरिएको मूल्याङ्कनमा अपेक्षित उपलब्धि प्राप्त गर्न नसकेका विद्यार्थीका कठिनाइका क्षेत्र पत्ता लगाई सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नु र दोस्रो चरणमा पटकपटकका सुधारात्मक सिकाइ क्रियाकलापबाट पनि सिकाइ सुधार हुन नसकेका विद्यार्थीहरूका लागि उपचारात्मक सिकाइ क्रियाकलाप तर्जुमा गरी सिकाइमा सुधार गर्नुपर्छ । कक्षाकोठामा आधारित निर्माणात्मक मूल्याङ्कनले प्रत्येक विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्त गर्ने सुनिश्चितता गरी माथिल्लो सिकाइ स्तर प्राप्त गर्न सहयोग गर्नुपर्छ । यसबाट विद्यार्थीहरूको कक्षा दोहऱ्याउने क्रमलाई न्यून गरी शैक्षिक क्षति घटाउन सहयोग पुग्नाका साथै न्यूनतम स्तरको सिकाइ सुनिश्चित भई थप सिकाइका लागि अवसर सिर्जना हुने छ ।

## २. उद्देश्य

सत्रको अन्तमा सहभागीहरू निम्न कार्यहरू गर्न सक्षम हुने छन् :

(क) एकीकृत पाठ्यक्रममा विद्यार्थी मूल्याङ्कन प्रक्रियाको व्याख्या गर्न

(ख) विद्यार्थी मूल्याङ्कन प्रक्रियाको अभिलेखीकरण गर्ने प्रक्रियासँग परिचय दिन र प्रयोगात्मक अभ्यास गर्न

(ग) विद्यार्थी मूल्याङ्कन गर्ने साधनहरूको परिचय दिन र निर्माण गरी प्रयोग गर्न

## ३. सामग्री

- आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७६
- शिक्षक निर्देशिका (हाम्रो सेरोफेरो, गणित, अङ्ग्रेजी र नेपाली)
- पाठ्यक्रम कार्यान्वयन मार्गदर्शन (हाम्रो सेरोफेरो, गणित, अङ्ग्रेजी र नेपाली)
- विद्यार्थी पाठ्य तथा कार्यपुस्तक (हाम्रो सेरोफेरो, गणित, अङ्ग्रेजी र नेपाली)
- विद्यार्थी मूल्याङ्कन मार्गदर्शन, २०७६

## ४. मुख्य विषयवस्तुहरू

(क) एकीकृत पाठ्यक्रममा विद्यार्थी मूल्याङ्कन प्रक्रिया

(ख) विद्यार्थी मूल्याङ्कन प्रक्रियाको अभिलेखीकरण गर्ने प्रक्रिया र प्रयोगात्मक अभ्यास

(ग) विद्यार्थी मूल्याङ्कन गर्ने साधनहरूको परिचय, निर्माण र प्रयोग

## ५. सहजीकरण क्रियाकलापहरू

### क्रियाकलाप १ : एकीकृत पाठ्यक्रममा विद्यार्थी मूल्याङ्कन प्रक्रिया — ३० मिनेट

- विद्यार्थी मूल्याङ्कन के हो र यो कसरी गर्न सकिन्छ भन्ने विषयमा मस्तिष्क मन्थन गराउनुहोस् ।
- सहभागीहरूले व्यक्त गरेका अनुभवहरूलाई समेट्दै बुँदागत रूपमा शैक्षणिक पाटीमा लेख्दै जानुहोस् र निम्न निष्कर्ष दिनुहोस् ।

**निष्कर्ष :** पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि पूरा भए नभएको लेखाजोखा गर्ने प्रक्रिया नै विद्यार्थी मूल्याङ्कन हो । यस किसिमको मूल्याङ्कन गर्नको लागि लिखित, मौखिक, प्रयोगात्मक, अवलोकन जस्ता साधनहरूको प्रयोग गर्न सकिन्छ ।

- सहभागीहरूलाई एकीकृत पाठ्यक्रम वितरण गर्नुहोस् र मूल्याङ्कन खण्ड अध्ययन गर्न लगाई निर्धारित मूल्याङ्कन प्रक्रियामा जोड दिन खोजिएका पक्षहरूलाई प्रस्तुत गर्न लगाउनुहोस् । सहभागीहरूले प्रस्तुत गरेका पक्षहरूलाई समेट्दै वर्तमान पाठ्यक्रमले शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा मूल्याङ्कनको प्रयोग गर्ने र सिकाइका लागि मूल्याङ्कन प्रयोग गर्नुपर्ने पक्षलाई जोड दिएको कुरा बताउनुहोस् ।
- अपाङ्गता भएका विद्यार्थीका लागि मूल्याङ्कनका तरिका तथा साधनको प्रयोग गर्ने तरिका सम्बन्धमा छलफल गराउनुहोस् र स्लाइडद्वारा मूल्याङ्कन गर्ने तरिका प्रस्ट पार्नुहोस् ।

- स्लाइडद्वारा एकीकृत पाठ्यक्रममा विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई उदाहरणसहित प्रस्ट पार्नुहोस् । एकीकृत पाठ्यक्रममा समेटिएको मूल्याङ्कन पद्धतिले मूलतः सिकाइका लागि मूल्याङ्कन (assessment for learning) र आत्म मूल्याङ्कन (assessment as learning) लाई जोड दिएको छ र यी दुवै मूल्याङ्कनको आधारमा विद्यार्थीको उपलब्धिको निर्णय गर्ने (assessment of learning) प्रक्रियामा जोड दिएकोले तीनै प्रकारका मूल्याङ्कनमा वर्तमान एकीकृत पाठ्यक्रमले जोड दिएको कुरा निष्कर्ष दिनुहोस् ।

## क्रियाकलाप २ : विद्यार्थी मूल्याङ्कन प्रक्रियाको अभिलेखीकरण गर्ने प्रक्रिया — १ घण्टा

- सहभागीहरूलाई पाँच समूहमा समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई पाठ्यक्रम वितरण गर्नुहोस् । तपसिलको समूहलाई तोकिएको कार्य गर्न लगाउनुहोस् ।

समूह (क) पोर्टफोलियो (कार्य सञ्चयिका) र अभिलेखीकरण गर्ने प्रक्रिया

समूह (ख) नेपाली विषयमा विद्यार्थी मूल्याङ्कन प्रक्रिया (उपलब्धि प्रतिशत : थिम, मूल्याङ्कन वा परीक्षण गर्ने पक्ष/सिकाइ उपलब्धि, नियमित सिकाइ पछिको मूल्याङ्कन, थप सहायतापछिको मूल्याङ्कन आदि)

समूह (ख) अङ्ग्रेजी विषयमा विद्यार्थी मूल्याङ्कन प्रक्रिया (उपलब्धि प्रतिशत : थिम, मूल्याङ्कन वा परीक्षण गर्ने पक्ष/सिकाइ उपलब्धि, नियमित सिकाइ पछिको मूल्याङ्कन, थप सहायतापछिको मूल्याङ्कन आदि)

समूह (ख) गणित विषयमा विद्यार्थी मूल्याङ्कन प्रक्रिया (उपलब्धि प्रतिशत : थिम, मूल्याङ्कन वा परीक्षण गर्ने पक्ष/सिकाइ उपलब्धि, नियमित सिकाइ पछिको मूल्याङ्कन, थप सहायतापछिको मूल्याङ्कन आदि)

समूह (ख) हाम्रो सेरोफेरो विषयमा विद्यार्थी मूल्याङ्कन प्रक्रिया (उपलब्धि प्रतिशत : थिम, मूल्याङ्कन वा परीक्षण गर्ने पक्ष/सिकाइ उपलब्धि, नियमित सिकाइ पछिको मूल्याङ्कन, थप सहायतापछिको मूल्याङ्कन आदि)

- समूहगत (क) लाई तोकिएको समूह कार्यको प्रस्तुत गर्न लगाउनुहोस् । अन्य समूहका सहभागीलाई समेत आवश्यक पृष्ठपोषण दिन लगाउनुहोस् । सहजकर्ताले विद्यार्थीको पोर्टफोलियोमा सामान्यतया निम्न पक्षहरू समेटी विद्यार्थीले गरेका कार्यको अभिलेखीकरण गर्ने कुरा स्पष्ट पार्दै प्रत्येक विद्यार्थीको लागि एउटा एउटा पोर्टफोलियो बनाउनुपर्ने कुरा बताउनुहोस् ।

**पोर्टफोलियमा समेट्नुपर्ने पक्षहरू :**

(१) विद्यार्थीको व्यक्तिगत विवरण, पारिवारिक विवरण र स्वास्थ्यसम्बन्धी विवरण (२) विद्यार्थीले गरेका परियोजना तथा प्रयोगात्मक कार्य, कक्षाकार्यलगायत (३) विद्यार्थीले गरेका विशेष कार्यहरू (४) थिमगत विद्यार्थीको उपलब्धि विवरण आदि ।

- बाँकी चारओटा समूहलाई विषयगत रूपमा विद्यार्थीको सिकाइ उपलब्धिको मूल्याङ्कन गर्ने प्रक्रिया सम्बन्धमा कुनै एउटा थिममा नमुना फाराम भरी थिमगत उपलब्धिस्तरलाई समेटी प्रस्तुत गर्न लगाउनुहोस् । एउटा समूहले प्रस्तुत गर्दा अन्य समूहलाई सुधारको लागि पृष्ठपोषण दिन लगाउनुहोस् र सहजकर्ताले समेत सुझाव दिनुहोस् ।
- विद्यार्थीको उपलब्धिस्तर र त्यसको व्याख्यालाई हरेक विषयमा भएको प्रावधानलाई तपसिलको चार्टद्वारा प्रस्ट पार्नुहोस् ।

| उपलब्धिस्तर | मापन | उपलब्धिस्तरको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर (Below basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि धेरैजसो हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| उच्च (Advanced) | ४ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको साथै माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

## क्रियाकलाप ३ : विद्यार्थीले प्राप्त गरेको सिकाइ उपलब्धिस्तर पत्ता लगाउने प्रयोगात्मक अभ्यास

४० मिनेट

- माथि छलफल गरिएअनुसार विद्यार्थीको थिमगतरूपमा उपलब्धिस्तर निकाल्ने तरिका छलफल गर्नुहोस् । थिमगत तथा वार्षिक रूपमा विषयगत रूपमा उपलब्धि स्तर निकाल्ने तपसिलको सूत्रमा छलफल गर्नुहोस् ।

$$\text{थिमगत उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धिस्तरको अङ्कको जोड}}{\text{४} \times \text{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \times \text{१००}$$

$$\text{विषयक्षेत्रगत समग्र उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धिस्तरको अङ्कको जोड}}{\text{४} \times \text{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \times \text{१००}$$

- थिमगत वा विषयगत उपलब्धि प्रतिशत निकालिसके पश्चात् तपसिलको आधारमा ग्रेड कायम गरिने कुरा बताउनुहोस् ।

| उपलब्धि प्रतिशत | अक्षरमा उपलब्धि स्तर | उपलब्धिस्तरको व्याख्या |
|---|---|---|
| ३० भन्दा कम | E | ज्यादै कमजोर |
| ३० र सो भन्दा माथि ४५ भन्दा कम | D | कमजोर |
| ४५ र सो भन्दा माथि ६० भन्दा कम | C | सामान्य |
| ६० र सो भन्दा माथि ७५ भन्दा कम | B | राम्रो |
| ७५ र सो भन्दा माथि ९० भन्दा कम | A | उच्च |
| ९० र सो भन्दा माथि | A+ | उत्कृष्ट |

## क्रियाकलाप ४ : विद्यार्थी मूल्याङ्कन गर्ने साधनहरूको परिचय, निर्माण र प्रयोग ५० मिनेट

- विद्यार्थीले गरेका कार्यहरूको सही तरिकाले मूल्याङ्कन गर्नको लागि कस्ता कस्ता मूल्याङ्कनका साधनहरू प्रयोग गर्न सकिन्छ ? TPS तरिका प्रयोग गरी अनुभव आदानप्रदान गर्न लगाउनुहोस् ।

- एकीकृत पाठ्यक्रम वितरण गर्नुहोस् र उक्त पाठ्यक्रममा दिइएका तपसिलमा दिइएका मूल्याङ्कन तरिका र साधनहरूमा छलफल गर्न लगाउनुहोस् ।

| क्र.स. | मूल्याङ्कनका तरिका | मूल्याङ्कनका साधन |
|---|---|---|
| १ | कक्षा सहभागिता | अवलोकन, रुजू सूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न, फाराम, घटना वर्णन |
| २ | मौखिक कार्य | प्रश्न, चित्र, पठन सामग्री, सन्दर्भ, घटना, श्रव्य तथा दृष्य सामग्री |
| ३ | लिखित कार्य | प्रश्न, छोटा परीक्षा, घटना, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृष्य सामग्री |
| ४ | परियोजना तथा प्रयोगात्मक कार्य | रुजू सूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न |
| ५ | कार्य सम्पादन तथा प्रदर्शन | अवलोकन, रुजू सूची, रुब्रिक्स वा श्रेणी मापन, मौखिक प्रश्न |
| ६ | सहपाठी मूल्याङ्कन | अवलोकन, रुजू सूची, श्रेणी मापन, फाराम |
| ७ | स्वमूल्याङ्कन | रुजू सूची, श्रेणी मापन, फाराम |
| ८ | अभिभावकको प्रतिक्रिया | रुजू सूची, श्रेणी मापन, फाराम |
| ९ | कुराकानी, छलफल | अवलोकन, रुजू सूची, श्रेणी मापन, फाराम |

- मूल्याङ्कनका साधनहरूको नमुना (रूजु सूची, रूब्रिक्स, श्रेणीमापन आदि) प्रस्तुत गर्नुहोस् ।

- सहभागीहरूलाई ५ समूहमा विभाजन गर्नुहोस् र नेपाली, अङ्ग्रेजी, गणित वा सेरोफेरोमध्ये कुनै एक विषयमा तपसिलका मूल्याङ्कनका साधनहरू तयार गरी प्रयोग गर्ने तरिका समेत प्रस्तुत गर्न लगाउनुहोस् ।

  समूह (क) रूजु सूची

  समूह (ख) श्रेणी मापन

  समूह (ग) रूब्रिक्स

  समूह (घ) स्वमूल्याङ्कन फाराम

  समूह (ङ) लिखित परीक्षाको लागि प्रश्न निर्माण, मौखिक प्रश्न सोध्ने तरिका

- एउटा समूहले प्रस्तुत गरिसकेपश्चात् अन्य समूहलाई समेत सुधारको लागि आवश्यक पृष्ठपोषण दिन लगाउनुहोस् ।
- निश्चित आधारलाई लिई उक्त कार्य गरे नगरेको, भए नभएको पक्षको लागि रूजु सूची, आधार र अङ्कन वा अक्षरको आधारमा श्रेणीमापन तथा आधार, अङ्कनको तह वा अक्षर र सूचकसहितको आधारमा मूल्याङ्कन गर्ने साधनको रूपमा रूब्रिक्स प्रयोग गर्न सकिने कुरा एक एक नमुनासहित प्रस्तुत गर्नुहोस् ।
- यसैगरी विद्यार्थीहरूलाई मौखिक तथा लिखित प्रश्न सोध्दा ज्ञान, बोध, प्रयोग तथा उच्च तहलाई ध्यान दिई प्रश्न सोध्ने कुरा बताइदिनुहोस् ।

## ६. प्रतिबिम्बन/मूल्याङ्कन

- एकीकृत पाठ्यक्रमअनुसार विद्यार्थी मूल्याङ्कन कसरी गर्नुपर्ने रहेछ ?
- वर्तमान एकीकृत पाठ्यक्रमले विद्यार्थीहरूले गरेका कार्यहरूको सही तरिकाले मूल्याङ्कन गर्न कुन कुन पक्षलाई जोड दिइएको छ ?
- वर्तमान पाठ्यक्रमले मूल्याङ्कनका कुन कुन विधि र तरिका प्रयोग गर्ने पक्षमा जोड दिएको छ ?
- उपलब्धिस्तरको मूल्याङ्कन गर्ने कार्यलाई अझ व्यावहारिक र सरल बनाउन के गर्न सकिएला ?
- मूल्याङ्कनका कुन कुन साधनहरूको प्रयोग गरी विद्यार्थी उपलब्धिस्तरको लेखाजोखा गर्न सकिन्छ ?
- तपाईं कसरी मूल्याङ्कनका साधनहरूको विकास गरी प्रयोग गर्नुहुन्छ ?
- वर्तमान एकीकृत पाठ्यक्रमले assessment for learning, assessment as learning र assessment of learning लाई कसरी प्रयोग गर्ने कुरा उल्लेख गरेको छ ?

# परियोजना कार्य प्रबोधीकरण, लिखित परीक्षा र समापन

| दिन : दश | सत्र : तीन | समय : १ घण्टा |
|---|---|---|

## परियोजना कार्य

स्वाध्ययन अभ्यास खण्डका लागि जम्मा ४ ओटा कार्य निर्धारण गरिएका छन् । परियोजना १ र परियोजना २ अनिवार्य रहेका छन् । परियोजना ३ देखि ५ मध्ये दुईओटा परियोजना कार्य सबै सहभागीले सम्पादन गर्नुपर्ने छ । प्रत्येक परियोजनाको परिणामका रूपमा प्रत्येक प्रशिक्षार्थीले अलग अलग प्रतिवेदन तालिम प्रदायक निकायसमक्ष अनिवार्य रूपमा पेस गर्नुपर्ने छ :

### परियोजना कार्य १ : पाठयोजनामा आधारित शिक्षण अभ्यास

(क) फरक फरक १० ओटा पाठहरूको पाठयोजना तयारी गर्ने (पाठयोजना तयार गर्दा सम्भाव्य व्यवहारकुशल सिपहरूसमेत पहिचान गरी ती सिप हासिल हुने गरी क्रियाकलाप विकास तथा छनोट गर्नुपर्छ ।)

(ख) प्रत्येक पाठयोजनाका आधारमा आवश्यक शैक्षिक सामग्री विकास गर्ने

(ग) प्रधानाध्यापकबाट सबै पाठयोजना प्रमाणित गराउने

(घ) पाठयोजनाका आधारमा कार्यतालिकाबद्ध शिक्षण अभ्यास गराउने

(ङ) प्रत्येक पाठ शिक्षणपछि विद्यार्थीको पृष्ठपोषण सङ्कलन गर्ने

(च) परिमार्जित पाठयोजना अन्तिमीकरण गर्ने


नोट : अन्य परियोजना कार्यले नसमेटेका विषयवस्तु शिक्षणका लागि मात्र पाठयोजना तयार गर्ने

### परियोजना कार्य २ : कार्यमूलक अनुसन्धान

(क) शिक्षण सिकाइ सहजीकरण गर्दा आइपरेका समस्याहरू पहिचान गर्ने

(ख) पहिचान भएका समस्याहरूको प्राथमिकीकरणका आधारमा कार्यसम्पादन सुधारका लागि कार्यमूलक अनुसन्धान गर्न एउटा समस्या छनोट गर्ने

(ग) छनोट गरेको समस्यामा केन्द्रित रहेर निम्न चरणहरू अवलम्बन गरी कार्यमूलक अनुसन्धान गरेर सोको प्रतिवेदन तयार पारी सम्बन्धित तालिम प्रदायक निकायमा पेस गर्ने




## परियोजना कार्य ३ : एकीकृत शिक्षण सामग्रीको विकास

(क) कुनै एउटा कक्षाको साझा विषयवस्तु (थिम) पहिचान गर्ने

(ख) थिममा आधारित भई विकास गर्न सकिने सम्भावित सामग्रीहरूको सूची तयार गर्ने

(ग) शिक्षण सामग्रीको विकास तथा सङ्कलन गर्ने

(ङ) विकास गरिएको सामग्री प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने

(च) शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनपश्चात् सामग्रीको उपयोगिता र प्रभावकारिता समेटी प्रतिवेदन तयार गर्ने

## परियोजना कार्य ४ : आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रमको विश्लेषण

(क) पाठ्यक्रम संरचनाको अध्ययन गर्ने

(ख) प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ र आधारभूत तह कक्षा १-३ को पाठ्यक्रमबिच समानता र भिन्नता छुट्याउने

(ग) पाठ्यक्रममा विषयवस्तुको एकीकरणको अवस्था यकिन गर्ने

(घ) एकीकरणलाई थप सान्दर्भिक बनाउन वैकल्पिक विषयवस्तु वा विषयक्षेत्र पहिचान गर्ने

(ङ) प्रतिवेदन तयार गर्ने

## परियोजना कार्य ५ : सूचना तथा सञ्चार प्रविधिको प्रयोग

(क) कुनै एउटा कक्षाको साझा विषयवस्तु (थिम) पहिचान गर्ने

(ख) थिममा आधारित शिक्षण गर्नका लागि सूचना तथा सञ्चार प्रविधिका साधन समेत उल्लेख गरी दैनिक पाठयोजना तयार गर्ने

(ग) पाठयोजनाका आधारमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने

(घ) शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन पश्चात् सामग्रीको उपयोगिता र प्रभावकारिता समेटी प्रतिवेदन तयार गर्ने ।

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

सानोठिमी, भक्तपुर